'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com

खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिटै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : २४२ ★ ने. सं. ११४६ जला थ्व, एकादशी ★ मङ्गलबार ★ ६ असोज, २०८३ ★ September 22, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




सेप्टेम्बर २०, २०२६ मा संरा अमेरिकाको टेक्सास राज्यको अस्टिन सहरमा अध्यागमन र भन्सार प्रवर्तन (आईसीई) अधिकारीहरूको अत्याचार विरुद्ध विरोध प्रदर्शन गर्दै मानव अधिकारवादी अमेरिकीहरू । एक सङ्घीय आईसीई अधिकारीले उत्तरी अस्टिनमा सोमबार दिउँसो एक व्यक्तिमाथि आप्रवासी भएको अनुमानको आधारमा गोली हानेर घाइते बनाएको घटनाको विरोधमा उक्त विरोध प्रदर्शन भएको हो । विरोध प्रदर्शनकारीहरूमाथि टेक्सास प्रहरीले रबरको गोली प्रहार गरेको बताइएको छ । तस्बिर : ब्रान्डन बेल/एएफपी

## संविधान बहुसङ्ख्यक जनताको हक हितमा हुनुपर्ने




भक्तपुर, ५ असोज । वागीश्वरी माध्यमिक विद्यालय कानुन समूह कक्षा ११/१२ को आयोजनामा संविधान दिवसको अवसरमा सोमबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले जो जुन वर्गको प्रतिनिधित्व गरी आउँछन् तिनैको सेवा र हितमा लाग्ने भएकाले संविधानसभाको सदस्य भई काम गर्दा बहुसङ्ख्यक जनताको हक र हितमा संविधानमा उल्लेख गराउन सङ्घर्ष गर्नुपरेको स्मरण गर्नुभयो ।

आफ्नो ज्ञान देश र समाजको लागि सही सदुपयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले देशकै प्रतिष्ठित व्यक्ति बन्न कानुनका विद्यार्थीहरूले ऐन, कानुन र नजिरहरू निरन्तर अध्ययन गर्नुपर्ने औँल्याउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "जनताको हितमा काम गर्ने सरकारले संविधानमा व्यक्तित्व विकासमा समान अवसर, रोजगारीको सुनिश्चितता, जनसङ्ख्याको अनुपातमा किसान र मजदुरको समानुपातिक प्रतिनिधित्व, उत्पादनका साधनहरू सबै राज्यकै हुनुपर्ने आदि अटाउनुपर्ने थियो ।"

जनताको आवश्यकता र चाहनाअनुसार परिवर्तन गर्न नसक्ने संविधान खारेज हुने धारणा राख्दै उहाँले दिगो संविधान र आदर्श समाज निर्माणको लागि राम्रो राजनीतिक पार्टी हुनु जरुरी छ भन्नुभयो ।

बारम्बार माफी माग्नुपर्ने गरी गल्ती गर्न नहुने र ठुलो पदमा बस्नेले काम गर्दा विज्ञहरूसँग राय सुझाव लिएर मात्र बोल्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

गहन र नियमित अध्ययनले मान्छेलाई पूर्ण बनाउने धारणा राख्दै उहाँले बहुसङ्ख्यक जनताको पक्षमा आफूलाई क्रियाशील बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कानुन अध्ययन समाज नेपालका अध्यक्ष एवं अधिवक्ता रामप्रसाद प्रजापतिले सरकारले विदेशी एजेन्ट र सीमित मान्छेको पक्षमा संविधानलाई संशोधन गर्न खोजेको औँल्याउनुभयो ।

उहाँले व्यापक जनताको हितमा काम गर्न चिन्तन जरुरी छ भन्नुभयो ।

संविधानमा मौलिक हकभित्र किसान र मजदुरको हकलाई सुनिश्चित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

वागीश्वरी मावि र कलेजका संयोजक ज्ञानसागर प्रजापतिले पञ्चायती व्यवस्थाको संविधान र अहिलेको संविधानबिच भएको परिवर्तनबारे चर्चा गर्दै संविधानमा व्यापक जनताको पक्षमा अझै पूर्णता नपाएको औँल्याउनुभयो ।

सरकारले ल्याएको शिक्षा नियमावलीको १० औं संशोधनले पनि संविधानबाट प्रत्याभूत अधिकार दिन नसकेको स्पष्ट पार्दै उहाँले उच्च शिक्षासमेत निःशुल्क र कक्षा १२ सम्म निःशुल्क र अनिवार्य हुनुपर्ने औँल्याउँदै सरकारले स्वतन्त्रताको नाउँमा छाडापन ल्याउने नीति ल्याएको उल्लेख गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले अधिकार र कर्तव्य एउटै सिक्काका दुई पाटा भएको बताउँदै आजका युवा २१ औं

बाँकी पृष्ठ ८ मा

## अमेरिकाले पुनः आक्रमण गरे नयाँ लक्ष्यहरूमा प्रहार गर्ने इरानको चेतावनी

तेहरान, ५ असोज (एएफपी) । इरानको रिभोलुसनरी गार्ड्सले यदि अमेरिकाले आफ्नो देशमाथि थप आक्रमण गरेमा उनीहरूले नयाँ लक्ष्यहरूमा प्रहार गर्ने तथा नयाँ हतियारहरू तैनाथ गर्ने चेतावनी सोमबार दिएको छ ।

युद्ध सुरु भएको झन्डै सात महिना बितिसक्दा पनि तेहरान र वासिङटनबिच गतिरोध कायमै छ, यद्यपि कुनै पनि पक्ष पूर्ण-स्तरको युद्धमा फर्कन भने इच्छुक देखिँदैनन् ।

इरानी सेनाको वैचारिक अङ्ग मानिने इस्लामिक रिभोलुसनरी गार्ड्स कोर्प्सका प्रवक्ताले एक विज्ञप्ति जारी गर्दै बताउनुभयो, "अमेरिकाबाट नयाँ आक्रमण भएमा हाम्रो प्रतिरक्षा र जवाफी कारबाहीमा पक्कै पनि महत्त्वपूर्ण परिवर्तनहरू हुनेछन् ।"

हामी युद्धभूमिमा नयाँ क्षमता भएका थप हतियारहरू भित्र्याउनेछौँ र यसले विश्वलाई चकित पार्नेछ, उहाँले थप्नुभयो ।

आफ्ना लक्ष्यहरू पनि पहिलेजस्तै नहुने बताउँदै आफूसँग अहिलेसम्म आक्रमण नगरिएका नयाँ लक्ष्यहरू रहेको बताउँदै गार्ड्सले आफूहरू दीर्घकालीन युद्धका लागि तयार रहेको पनि बताउनुभयो ।

सरकारी टेलिभिजनका अनुसार, शनिबार इरानी सेनाको केन्द्रीय कमान्डले अमेरिकाले तेहरानविरुद्ध नयाँ कारबाहीको योजना बनाइरहेको बताएको थियो, तर यसको विस्तृत विवरण भने दिइएको थिएन ।

गत महिनाको अन्त्यमा तनाव बढेपछि हालका दिनहरूमा अमेरिका र इरानबिचको लडाइँ केही मत्थर भएको छ, यद्यपि तेहरानले होर्मुज जलमार्गमा व्यावसायिक जहाजहरूमाथि छिटपुट आक्रमणहरू जारी राखेको छ । दुवै पक्षले दबाब सिर्जना गर्ने प्रयासमा उक्त जलमार्गमा एक-अर्काविरुद्ध नाकाबन्दी कायम राखेका छन् ।

हाल युद्ध यमनसम्म फैलिएको छ; त्यहाँ इरान-समर्थित हुथी विद्रोहीहरूले साउदी-समर्थित सरकारबाट थप भूभाग आफ्नो नियन्त्रणमा लिएका छन् भने राजधानी रियादलगायत साउदीका विभिन्न लक्ष्यहरूमा आक्रमणहरू गरिरहेका छन् ।

**यमन युद्धमा साउदीलाई साथ नदिन हुथी नेताको चेतावनी**

यसैबिच इरान समर्थित हुथी विद्रोही समूहका एक वरिष्ठ नेताले यमनमा पुनः चर्किएको गृहयुद्धमा साउदी अरेबियाको पक्षमा सहभागी नहुन विभिन्न देशलाई चेतावनी दिएका छन् ।

हुथी समूहको राजनीतिक ब्युरोका सदस्य मोहम्मद अल-बुखाइतीले आइतबार द एसोसिएटेड प्रेस (एपी) सँगको अन्तर्वार्तामा यस्तो धारणा व्यक्त गर्नुभएको हो । उहाँका अनुसार यमनको पश्चिमी तटीय क्षेत्रमा हुथी समूहको गतिविधि बढ्दै बाब अल-मन्देब जलडमरूमध्यसम्म पुगेपछि अमेरिकाले हुथी समूहसँग सम्पर्क गरेको थियो ।

अल-बुखाइतीले अमेरिकी पक्षसँग भएको सम्पर्कको क्रममा हुथी समूहले लाल सागरमा अमेरिकी पानीजहाजलाई लक्षित नगर्ने स्पष्ट पारेको बताउनुभयो । उहाँका अनुसार समूहले उक्त क्षेत्रमा

बाँकी पृष्ठ २ मा

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १२३

सामान्यतया प्रहरीले आफ्नो कार्यालय छोड्नु भनेको अन्तिम विकल्प मात्र हुनुपर्ने हो ।

निश्चय पनि विशेष परिस्थिति निर्माण भएमा प्रहरी कर्मचारीहरूको ज्यू-ज्यानको सुरक्षा, थुनुवाको सुरक्षाको विषयमा वैकल्पिक सुरक्षा योजना तत्कालै बनाई आफू सँगसँगै थुनुवा र हातहतियार, गोलीगट्ठा सुरक्षित गर्नुपर्ने पेसागत मान्यता हो । त्यस्तै हातहतियार लिएर जान सम्भवै भएन भने पनि हातहतियार, गोलीगट्ठाहरूलाई निष्प्रभावी वा नष्ट गरी अपराधीको हातमा जानबाट रोक्नु प्रहरीको अर्को महत्त्वपूर्ण कर्तव्य हो । भदौ २४ गते प्रहरी कार्यालय छोड्ने निर्णय तत्कालीन परिस्थितिजन्य जोखिमसँग सम्बन्धित भए पनि त्यसको कारणबाट सृजना हुने सङ्कटबारे गहिरिएर पूर्वअनुमान, पूर्वयोजना र जोखिम मूल्याङ्कन गरेको देखिँदैन ।

प्रहरी कार्यालय परित्याग गर्ने निर्णयले तत्कालीन सङ्कट व्यवस्थापनलाई सरल बनाएकोले मानवीय क्षति पनि कम हुन गएको भन्ने प्रहरी अधिकृतहरूको अनुमानलाई सही मान्ने हो भने पनि प्रहरीले स्टेसन छोड्दा सर्वसाधारण नागरिक र स्वयम् प्रहरीहरूसमेत तत्काल संरक्षणविहीन अवस्थामा पुगेको देखिन्छ । यसको परिणामस्वरूप प्रहरीमाथि आक्रमण बढ्नुका साथै निजी सम्पत्तिहरूमाथि लुटपाट, सरकारी र निजी सम्पत्तिमा आगजनी हुन गयो,

बाँकी पृष्ठ ३ मा

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर
करटोली खटिएको सम्बन्धी सूचना
भक्तपुर नगर क्षेत्रभित्रका दर्ता हुन बाँकी उद्योग, पसल व्यवसाय आदि दर्ता तथा नवीकरणका लागि व्यवसाय स्थलमै कर टोलीको व्यवस्था भएको र उक्त कर टोली मिति २०८३।०५।३१ गतेदेखि २०८३।०६।०९ गतेसम्मका लागि नगरपालिकाको १ नं. र ७ नं. वडामा खटिएकोले टोलीमार्फत आफ्नो व्यवसायको दर्ता तथा नवीकरण गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।



**ऐतिहासिक लुभु लाखे नाच प्रदर्शन**
ललितपुरको महालक्ष्मी नगरपालिका-८ लुभुमा लुभु धाँ खलको आयोजनामा ऐतिहासिक लुभु लाखे नाच प्रदर्शन गरिँदै । *तस्बिर: घनश्याम श्रेष्ठ/रासस*

# भक्तपुर नपा-१ मा विद्यालयस्तरीय फुटसल प्रतियोगिता सम्पन्न



भक्तपुर, ५ असोज । भक्तपुर नगरपालिका वडा नं. १ खेलकुद समितिको आयोजनामा सञ्चालित वडा नं. १ व्यापी विद्यालयस्तरीय फुटसल प्रतियोगिता सोमबार सम्पन्न भयो ।

असोज ३ गतेदेखि ५ गतेसम्म तीन दिन सञ्चालन भएको प्रतियोगितामा विभिन्न विद्यालयका विद्यार्थीहरूले सहभागिता जनाएका थिए । प्रतियोगितामा राजश्री गुरुकुल प्रथम, अक्सफोर्ड प्राक्टिकल स्कूल द्वितीय, सूर्यविनायक सेकेन्डरी स्कूल तृतीय र गणेश स्कूल सान्त्वना भएका छन् ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले फुटसल पछिल्लो समय क्रमश: लोकप्रिय हुँदै गएको खेल भएको उल्लेख गर्दै खेलमैदानको अभावबिच पनि प्रतियोगिता आयोजना हुनु सकारात्मक भएको बताउनुभयो ।

उहाँले खेलाडीहरूले अनुशासित र व्यवस्थित रूपमा खेल प्रदर्शन गर्नुपर्नेमा जोड दिँदै हारजितलाई स्वाभाविक रूपमा लिन आग्रह गर्नुभयो ।

“हार्ने खेलाडीहरू निराश नभई आगामी दिनमा अझ उत्कृष्ट खेल प्रदर्शन गर्छु भन्ने उत्साहका साथ अघि बढ्नुपर्छ,” उहाँले भन्नुभयो ।

खेलकुदमार्फत समाजलाई अनुशासित, सभ्य र सुसंस्कृत बनाउन सहयोग पुग्ने उहाँको भनाइ थियो । भक्तपुर नगरपालिकाले विभिन्न खेलका प्रशिक्षणहरू सञ्चालन गर्दै आएको जानकारी दिँदै उहाँले इच्छाअनुसार खेल प्रशिक्षण लिन पनि आग्रह गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. १ का अध्यक्ष श्यामकृष्ण खत्रीले वडाका गतिविधिमा खेलकुदलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो ।

वडा नं. १ खेलकुद समितिका संयोजक युनिस सुवालले प्रतियोगिता सफल बनाउन सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गर्नुभयो । तीन दिनसम्म सञ्चालन भएको प्रतियोगिताले विद्यार्थीहरूमा खेलकुदप्रतिको रुचि र उत्साह बढाउन सहयोग पुगेको आयोजकले जनाएको छ ।

# भक्तपुर साकोसमा कुरूस बुनाइ बनाउने तालिम सम्पन्न

भक्तपुर, ४ असोज । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. को महिला उपसमितिको आयोजनामा सञ्चालित दसदिने कुरूस बुनाइ तालिमको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम सोमबार सम्पन्न भयो ।



कार्यक्रममा उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरका प्रमुख रामप्रसाद कुस्माले आर्थिक रूपमा सवल र सक्षम व्यक्ति नै स्वतन्त्र हुने धारणा राख्दै आफूले सिकेको ज्ञान र सीपले व्यवसायी र उद्यमी बन्न सहयोग पुग्ने बताउनुभयो ।

“नेपाल सरकारबाट उद्योग व्यवसाय सञ्चालन गर्न र बजारीकरणको लागि विभिन्न कार्यक्रमहरू ल्याइएको छ; त्यसलाई उपभोग गर्न विभिन्न कानुनी प्रक्रियाहरू पुरा गर्नुपर्ने हुन्छ । उद्योग तथा वाणिज्य कार्यालयले उद्योग तथा व्यवसाय सञ्चालन गर्न आवश्यक तालिमको साथसाथै कानुनी प्रक्रियाहरूको मार्गदर्शन गर्दछ”, उहाँले भन्नुभयो ।

संस्थाका अध्यक्ष निर्मल प्रजापतिले भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. ले आर्थिक कारोबारसँगै सदस्य र समाजलाई सभ्य तथा आत्मनिर्भर बनाउनु संस्थाको सामाजिक दायित्वको रूपमा लिँदै सदस्यलाई व्यवसायी र उद्यमी बनाउन विभिन्न किसिमका तालिमहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

सञ्चालक सदस्य तथा महिला उपसमितिका संयोजक रामेश्वरी कोजुले पढाइमा हामी अवल भएर पनि व्यवहारमा राम्रो तरिकाले प्रस्तुत गर्ने सीप भएन भने धेरै अप्ठ्यारोमा पर्न सक्ने बताउनुभयो ।

महिला उपसमितिका सदस्य जगनालक्ष्मी तुईतुईले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा महिला उपसमितिका सदस्य मैंया कासुला, प्रशिक्षक रूविना सुवाल र प्रशिक्षार्थी प्रमिला लागेजुले पनि बोल्नुभएको थियो ।

# काभ्रेमा स्वास्थ्यकर्मीलाई रोग निगरानीसम्बन्धी अभिमुखीकरण

असोज ५, बनेपा (काभ्रे) । काभ्रेमा समुदायमा आधारित रोग निगरानी प्रणाली (सम्बन्धी स्वास्थ्यकर्मीस्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । जिल्लाका १३ स्थानीय तहअन्तर्गतका १७३ स्वास्थ्य संस्थाका करिब ३८० स्वास्थ्यकर्मी कार्यक्रममा सहभागिता रहेको जनस्वास्थ्य कार्यालयका प्रमुख रागिश्री कक्षपति श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार समुदायस्तरमा देखापर्ने सङ्क्रामक रोग तथा अनपेक्षित जनस्वास्थ्य घटनाको समयमै पहिचान, सूचना सङ्कलन तथा सम्बन्धित निकायमा सूचना प्रवाह गरी आवश्यक प्रतिकार्यलाई प्रभावकारी बनाउने उद्देश्यले स्वास्थ्यकर्मीलाई रोग निगरानी प्रणालीसम्बन्धी अभिमुखीकरण दिइएको हो । सरकारको ‘समुदायमा आधारित रोग निगरानी निर्देशिका, २०८२’ ले सङ्क्रामक रोग तथा अनपेक्षित जनस्वास्थ्य घटनाको समयमै पहिचान, सूचना सङ्कलन, प्रतिवेदन, विश्लेषण, सञ्चार तथा प्रतिकार्यलाई व्यवस्थित गर्नुपर्ने व्यवस्था गरेको छ । सूचीकृत सङ्क्रामक रोग तथा जनस्वास्थ्यसम्बन्धी अनपेक्षित घटनाबारे तोकिएको समयावधिभित्र सम्बन्धित निकायमा सूचना सम्प्रेषण गर्नुपर्ने निर्देशिकामा उल्लेख छ ।

समुदायमा रोगका लक्षण वा अनपेक्षित जनस्वास्थ्य घटना देखिएमा स्वास्थ्य संस्था वा हेल्लो स्वास्थ्य १११५ मार्फत सूचना प्राप्त गरी क्इचःब्क् मा प्रविष्ट गर्ने तथा सम्बन्धित स्थानीय तह र स्वास्थ्य संस्थालाई जानकारी गराउने व्यवस्था रहेको छ । समुदायबाट प्राप्त स्वास्थ्यसम्बन्धी सूचना समयमै स्वास्थ्य प्रणालीमा पुऱ्याउँदा सम्भावित रोग तथा जनस्वास्थ्य जोखिमको प्रारम्भिक पहिचान र आवश्यक प्रतिकार्यमा सहयोग पुग्ने श्रेष्ठले बताउनुभयो । कार्यक्रममा आर्थिक सहयोग अमेरिकी दूतावास तथा एपिक नेपाल, स्ट्राइड्स र कामना हेल्थ नेपालले गरेका थिए । ***रासस***

***अमेरिकाले...***

अमेरिका वा अन्य कुनै राष्ट्रका पानीजहाजलाई लक्षित नगर्ने नीति रहेको जनाएको छ । यद्यपि, उहाँले साउदी अरेबियालाई भने यसबाट अलग राख्नुभएको छ ।

“हामीले जलडमरूमध्यमा अमेरिका वा अन्य कुनै राष्ट्रलाई लक्षित नगर्ने कुरा स्पष्ट गरेका छौँ । साउदी अरेबिया भने यसको अपवाद हो,” उहाँले एपीसँगको अन्तर्वार्तामा भन्नुभएको छ ।

**यमनमा बढ्दो तनाव**

यमनमा लामो समयदेखि जारी राजनीतिक तथा सैन्य द्वन्द्व पछिल्लो समय पुन: तीव्र बन्दै गएको छ । हुथी समूहले यमनका विभिन्न क्षेत्रमा आफ्नो प्रभाव कायम राखेको छ भने साउदी अरेबियाले यमनको अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सरकारसँग सम्बन्धित पक्षलाई समर्थन गर्दै आएको छ ।

पछिल्लो घटनाक्रमले लाल सागर र बाब अल-मन्देब जलडमरूमध्यको सुरक्षाप्रति पनि चासो बढाएको छ । विश्व व्यापारका लागि महत्त्वपूर्ण समुद्री मार्गका रूपमा रहेको यस क्षेत्रमा उत्पन्न हुने तनावले अन्तर्राष्ट्रिय जल यातायात तथा क्षेत्रीय सुरक्षामा असर पार्न सक्ने चिन्ता व्यक्त हुँदै आएको छ ।

हुथी समूहका नेताको पछिल्लो भनाइले यमनको द्वन्द्वमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पक्षहरूको भूमिकाबारे थप बहस सिर्जना गरेको छ । यद्यपि, द्वन्द्वसँग सम्बन्धित पक्षहरूबाट आउने दाबीहरू फरक हुन सक्ने भएकोले घटनाक्रमको मूल्याङ्कन गर्दा स्वतन्त्र तथा आधिकारिक स्रोतबाट प्राप्त विवरणलाई समेत ध्यान दिन आवश्यक हुन्छ ।

# लागूपदार्थसहित दम्पती पक्राउ

बाँके, ५ असोज । नेपालगञ्जबाट प्रहरीले १०७ ग्रामबढी खैरो हेरोइनसहित एक दम्पतीलाई पक्राउ गरेको छ ।

बाँके प्रहरी र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालयबाट खटिएको प्रहरी टोलीले नेपालगञ्ज उपमहानगरपालिका-२ बाट लागुऔषध खैरो हेरोइन बिक्री गरिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रतीतसिंह राठौरले नेपालगञ्ज उपमहानगरपालिका-१३ का ३० वर्षीय देशराज चौहान लोनिया र उनकी श्रीमती २५ वर्षीया पूजा लोनियालाई पक्राउ गरिएको जानकारी दिनुभयो ।

पक्राउ परेका दुवै जनालाई प्रहरीले जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ । उनीहरूलाई आजै जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गरिने प्रहरी नायब उपरीक्षक राठौरले बताउनुभयो ।

प्रहरीले उनीहरूको साथबाट १०७ ग्राम ५५० मिलिग्राम खैरो हेरोइन, भे ६ प ३७४५ नम्बरको मोटरसाइकल र दुई थान मोबाइलसमेत बरामद गरेको जनाएको छ । आइतबार बेलुका सो दम्पतीलाई पक्राउ गरिएको थियो । त्यसैगरी उपमहानगरपालिकाको एकलैनी भन्ने स्थानबाट प्रहरीले ३५ ग्राम ९०० मिलिग्राम ब्राउन सुगरजस्तो देखिने लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको छ ।

लागूऔषध कारोबार भइरहेको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय र लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालयबाट खटिएको प्रहरी टोलीले घरमा खानतलासी गर्दै उनीहरूलाई पक्राउ गरेको हो ।

खानतलासीका क्रममा घरमा ३० वर्षीय मोहम्मद हसिब अन्सारी र उनका २३ वर्षीय भाइ समिर अहमद अन्सारीलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । उनीहरूको साथ तथा कोठाको दराजबाट ३५ ग्राम ९०० मिलिग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ बरामद भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीले त्यहाँबाट विभिन्न कम्पनीका पाँच थान मोबाइल, एक थान डिजिटल तराजु र रु. ७३ हजार ७०० समेत बरामद गरेको छ ।

पक्राउ परेका दुवै जनामाथि लागुऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको नायब उपरीक्षक राठौरले जानकारी दिनुभयो । ***रासस***

## हार्दिक समवेदना



जन्म
१९८८/०८/१५

स्वर्गारोहण
२०८३/०६/०३

यस सूर्यविनायक प्रभात समूहका सदस्य श्री रोशन भोय्द्योज्यूकी ममतामयी पितामही **दिलमाया भोय्द्योको** असामयिक निधन भएको आज चौथो दिन (लक्च) मा चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दै सम्पूर्ण परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**साथीहरू**

| | | | |
|---|---|---|---|
| रामबहादुर प्रजापति | राजाराम सुवाल | राजेन्द्र प्रजापति | सुरेन्द्र भुजु |
| रामनाराण भुजु | शिवसुन्दर श्रेष्ठ | लक्ष्मीप्रसाद भुजु | बासुदेव प्रधानाङ्ग |
| गोविन्द भुजु | शिवशरण बल्ल | पृथ्वी प्रजापति | दिनेशबहादुर धौबन्जार |

# नेपालगञ्जमा बाँदरको टोकाइबाट पछिल्लो डेढ महिनामा ४० जना घाइते

राँझा (बाँके), ५ असोज । नेपालगञ्जमा बादरको आक्रमणमा परी ४० जना घाइते भएका छन् । बाँदरलाई लखेट्ने क्रममा आक्रमणमा परी सर्वसाधारण घाइते हुने गरेका छन् । पछिल्लो डेढ महिनामा मात्रै बाँदरको आक्रमणमा परी घाइते भएका ४० सर्वसाधारण नेपालगञ्जस्थित भेरी अस्पतालमा उपचारको लागि आएको भेरी अस्पतालमा सर्प तथा जनावरजन्य टोकाइका बिरामीको बारेमा अध्ययन गरिरहनुभएका डा. बद्री चापागाईंले बताउनुभयो ।

उहाँले नेपालगञ्जमा बाँदरको टोकाइबाट घाइते भई अस्पताल आउने बिरामीको घटना नयाँ भएको बताउनुभयो । डा. चापागाईंले भन्नुभयो, "कुकुर, बिरालो, सर्पको टोकाइबाट घाइते भई अस्पताल आउने क्रम पुरानै हो । तर, अहिले बाँदरले समेत घरघरमै पसेर मान्छेलाई टोकेको केश अचम्मलाग्दो छ ।"

उहाँले सहरमा बाँदरको बिगबिगी रहेकाले सुरक्षित रहन र आक्रमण भइहाले तुरुन्तै उपचारको लागि अस्पताल पुग्न सुझाव दिनुभएको छ । भेरी अस्पतालमा पछिल्लोपटक सर्प तथा जनावर जन्य टोकाइका घटना बढ्दै गएका छन् ।

भेरी अस्पतालमा सर्प तथा जनावरजन्य टोकाइका बिरामीको बारेमा अध्ययन गरिरहनुभएका डा. चापागाईंले दिनुभएको तथ्याङ्कअनुसार पछिल्लो ४५ दिनमा एक हजार ३६ केश जनावरजन्य टोकाइका रहेका छन् ।

सबैभन्दा धेरै कुकुरको टोकाइबाट ८६५, बिरालोबाट ११०, बाँदरबाट ४०, मुसाको टोकाइबाट घाइते भएका २१ जना बिरामी हुनुहुन्छ । यसैगरी यो अवधिमा भेरी अस्पतालमा मात्रै सर्पदंशका ११८ बिरामी उपचारको लागि आएको डा. चापागाईंले बताउनुभयो । यो अवधिमै कीराको टोकाइबाट चार जना र टोक्ने जीवजन्तु थाहा नभएका १९ जना बिरामी उपचारको लागि भेरी अस्पतालमा पुगेको तथ्याङ्क रहेको छ ।

भेरी अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा. नवीन दर्नालले गाउँमा किसानलाई बाँदरले टोकेको घटना हुने गरे पनि बजारमा नयाँ केश भएको बताउनुभयो । उहाँले बाँदरको टोकाइबाट घाइते बिरामीलाई जङ्गली जनावर मानेर रेविजविरुद्धको खोप दिनुका साथै आवश्यकताअनुसार बिरामीलाई सहजरूपमा सेवा प्रवाहको व्यवस्था मिलाइएको जानकारी दिनुभयो । ***रासस***



**२१८ वर्ष पुरानो मुक्तिनाथमा अवस्थित रानीपौवा धर्मशाला**

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-१ मुक्तिनाथमा अवस्थित रानीपौवा धर्मशाला । मुक्तिनाथ दर्शन गर्ने भक्तजनहरूको सुविधाका लागि तत्कालीन राजा रणबहादुर शाहकी माइली श्रीमती सुवर्णप्रभाद्वारा ६ रोपनी १२ आना जग्गामा २१८ वर्ष पहिले यहाँ धर्मशाला निर्माण गर्नुभएको थियो । तस्बिर: सुन्दरकुमार थकाली/रासस

# बनेपा नगरपालिकाको सेवा-प्रवाह सोमबारदेखि बहुप्राविधिक शिक्षालयबाट

काभ्रेपलाञ्चोक, ५ असोज । बनेपा नगरपालिकाको सेवा-प्रवाह सोमबारदेखि बहुप्राविधिक शिक्षालयबाट सुरु भएको छ ।

'जेनजी' आन्दोलनका क्रममा तोडफोड एवं आगजनीबाट क्षति भएको नगरपालिका भवन पुन:निर्माण नहुने भएपछि सोमबारदेखि नेपाल बनेपा बहुप्राविधिक शिक्षालयबाट सेवा सञ्चालन गरिएको हो ।

नगरले आजदेखि नियमित सेवाप्रवाह शिक्षालयको प्रशासनिक भवनबाट सुरु भएको प्रमुख प्रशासकीय अधिकृत उर्मिला काफ्ले जानकारी दिनुभयो । जेनजी आन्दोलनका क्रममा कार्यालयमा करिब रु. १० करोड बराबरको क्षति भएको नगर कार्यालयले गरेको प्राविधिक मूल्याङ्कनमा उल्लेख छ । उक्त आन्दोलनमा जिल्लाका १३ स्थानीय तहमध्ये बढी बनेपा नगर कार्यालयमा क्षति पुर्‍याइएको थियो ।

यसअघि पुलबजारस्थित-१० नं वडा कार्यालयबाट नगर कार्यालय सञ्चालन गरिएको थियो । गत असार ३२ गते नगरको १८ औँ नगरसभाको निर्णयबमोजिम शिक्षालयको प्रशासनिक भवनबाट सेवा प्रवाह गरिने बताउनुभयो ।

नगरपालिका प्रमुख शान्तिरत्न शाक्यले शिक्षालयको नियमित शैक्षिक गतिविधिमा कुनै अवरोध नपुर्‍याइ नगरको प्रशासनिक कार्यालय सञ्चालन गरिने स्पष्ट पार्नुभयो । ***रासस***

# त्रिपुरेश्वरमा रिद्धिसिद्धी यातायातको बसमा आगलागी

काठमाडौँ, ५ असोज । काठमाडौँको त्रिपुरेश्वर चोकमा रिद्धिसिद्धी यातायातको बसमा आगलागी भएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिलिप घिमिरेले रिद्धिसिद्धी यातायातको बसमा चालकले आफैँ आगो लगाएको राससलाई जानकारी दिनुभयो ।

आगोमा परेर घाइते भएका चालकलाई उपचारका लागि कीर्तिपुरस्थित वर्न अस्पतालमा पठाइएको एसएसपी घिमिरेले बताउनुभयो । के-कति कारणले आगो लगाउन खोजिएको हो भन्नेबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । आगलागी भएको बस र चालकको विवरण भने खुलेको छैन । ***रासस***

***कार्की...***

जसले गर्दा प्रत्येक नागरिकमा अब त कोही पनि सुरक्षित छैन भन्ने डर पैदा हुन गई भय र त्रासको वातावरण सृजना भई नागरिक सुरक्षा, हातहतियार नियन्त्रण र राज्यप्रतिको विश्वासमा गम्भीर र दीर्घकालीन असर गरेको महसुस सर्वसाधारणले गरेको पाइन्छ ।

भदौ २४ गते सबै सुरक्षा निकायहरू आ-आफ्नै चेन अफ कमाण्डमा चले तर युनिफाइड कमाण्डको अभाव देखियो । सुरक्षा संयन्त्रले कुन ठाउँ जोगाउने, कुन ठाउँ छोड्ने भन्ने सम्पति सुरक्षा लिस्ट (Asset protection list) नहुँदा भदौ २४ गते १०:०० बजेबाट प्रहरी जनशक्ति प्रहरी कार्यालयहरूमा मात्र सीमित भएको तर ती स्थान पनि पछि छोडेको हुँदा देशमा एक किसिमको सुरक्षा शून्यता (Security Vacuum) भई अराजकताको स्थिति सृजना हुन गयो र आपराधिक प्रवृत्ति भएका व्यक्तिहरूले लुटपाट र आगजनी गर्ने अवसर पाए ।

**भदौ २४ गतेको आक्रमणका सहभागीहरू**

भदौ २४ गते देशभरि घटेका घटनाहरूमा विभिन्न प्रकारका व्यक्तिहरूको संलग्नता रहेको जाँचबुझ आयोगसमक्ष बयान दिएका व्यक्तिहरू र आयोगका पदाधिकारीबाट गरिएको विभिन्न जिल्लाको स्थलगत निरीक्षण एवम् भ्रमणको क्रममा सरोकारवाला व्यक्तिहरूसँग गरिएको अन्तरक्रियाबाट बुझिएको छ ।

भदौ २३ गतेको सन्दर्भमा काठमाडौँमा भएको प्रदर्शन सुरुमा विशुद्ध शान्तिपूर्ण रहने किसिमले गरिएको र सरकारले सुशासन दिन नसकेको र भ्रष्टाचारका विरुद्ध लक्षित थियो । तर, बानेश्वर चोकसम्म पुग्दा प्रदर्शन अत्यधिक ठुलो भई भिडमा परिणत हुन पुग्यो र उग्र पनि हुन पुग्यो । भिड उग्र हुँदा प्रहरीले चलाएको गोलीबाट हताहतको र घाइतेहरूको सङ्ख्या निकै बढ्न गयो ।

भदौ २४ गतेको प्रदर्शन सुरुमा भदौ २३ गते मारिएका युवाहरूको समर्थनमा सरकारको विरोधमा सुरु भएको थियो तर केही समयपछि नै यसमा आपराधिक प्रवृतिका व्यक्तिहरू पनि सामेल हुन पुगे । त्यसदिन व्यक्तिका घर, सपिङ मल, सरकारी कार्यालयहरू, व्यापारीक प्रतिष्ठानहरू, होटलहरू लुट्ने, तोडफोड गर्ने, आगजनी गर्ने, प्रहरीका हतियार लुट्ने र प्रहरीमाथि आक्रमण गर्ने, आगो लगाउने र विभिन्न राजनैतिक दलका व्यक्तिहरूमाथि आक्रमण गर्नेजस्ता कार्य आपराधिक मनोवृत्तिबाट प्रभावित भएको देखिन्छ । सीसीटीभी फुटेज र व्यक्तिहरूसँगको सोधपुछबाट यसमा केही सडक बिक्रेतादेखि कवाडी सङ्कलन गर्ने, ग्यारेजमा काम गर्ने मानिसहरू, बस, ट्रकलगायतका सवारी साधनहरूका चालक, सह-चालकहरू, उपत्यका बाहिरबाट आएका निर्माण कार्यमा संलग्न व्यक्तिहरू, वर्कशपमा काम गर्ने व्यक्तिहरू, सुकुमवासीसम्मका व्यक्तिहरूको संलग्नता रहेको देखिन्छ । कारागारबाट भागेका र प्रहरीको हिरासत कक्षबाट छुटेका केही व्यक्तिहरूको पनि यसमा सहभागिता रहेको थियो । केही स्थानहरूमा राजनीतिक प्रतिशोध साध्न र अन्य केही ठाउँमा व्यक्तिगत रिसइवी साध्न पनि अर्काको घरमा आगजनी गर्ने कार्य गरेको देखिन्छ । केही सङ्ख्यामा उरन्ठयाउला जेनजी युवाहरू प्रदर्शनमा सहभागी भएको तर तोडफोड, लुटपाट र आगजनी गर्नेजस्ता मनसाय नहुँदा नहुँदै पनि भिडको लहलहैमा लागी आवेगमा आई आपराधिक कार्यमा समावेश भएको र ठुलो सङ्ख्यामा नेतृत्वविहीन, उद्देश्यविहीन, दिग्भ्रमित युवाहरूको पनि संलग्नता थियो जसलाई व्यक्तिगत सम्पत्ति जलाउनु हुँदैन, सार्वजनिक सम्पत्ति सबैको साझा सम्पत्ति हो र यिनलाई नष्ट गरिनु हुँदैन भन्ने पनि सामान्य हेक्का थिएन । यसैबिच केही युवा प्रदर्शनकारीहरू तोडफोड, आगलागी गर्न हुँदैन भन्दै गर्दा उनीहरूलाई सम्झाइबुझाइ गरिरहेका दृश्यहरू पनि देखिन्थे ।

**वधू चाहियो**

काठमाडौँ बस्ने ४० वर्षको श्रेष्ठ थरको नेवारलाई वधू चाहियो ।
सम्पर्क नं. : ९८४३३०९८६७

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**शैक्षिक ऋणसम्बन्धी सूचना**

यस नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने जेहनदार तथा विपन्न विद्यार्थीहरूलाई आ.व. ०८३/८४ को लागि शैक्षिक योग्यताको प्रमाणपत्र (एकेडेमिक सर्टिफिकेट) धित्तो राखेर सहुलियत ब्याज दरमा ऋण लिई स्वदेशमै उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई यस नगरपालिकाबाट शैक्षिक ऋण प्रदान गर्ने सम्बन्धमा आवेदन पर्न आएकामध्ये अन्तर्वार्ताबाट छनौट भएका तपसिलअनुसारका सफल विद्यार्थीहरूलाई शैक्षिक ऋण माग गरी स्वीकृति दिएको हुँदा निम्न मिति, समय र स्थानमा हुने शैक्षिक ऋणसम्बन्धी अभिमुखीकरण कार्यक्रममा अभिभावकसहित अन्तर्वार्तामा छनौट भएका सम्पूर्ण विद्यार्थीहरू उपस्थित भइदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति** : २०८३ असोज १३ गते, मङ्गलबार
**समय** : दिनको २:३० बजे
**स्थान** : भ.न.पा. सभाकक्ष

| क्र.सं. | नामथर | ठेगाना | क्र.सं. | नामथर | ठेगाना | क्र.सं. | नामथर | ठेगाना |
|---|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मण अवाल | भ.न.पा. १ | २८ | कृतिका शिल्पकार | भ.न.पा. ४ | ५५ | हुरी दुवाल | भ.न.पा. ७ |
| २ | विप्लव बाटी | भ.न.पा. १ | २९ | बबिता दुवाल | भ.न.पा. ४ | ५६ | सलिना लाखा | भ.न.पा. ७ |
| ३ | वर्षना सुवाल | भ.न.पा. १ | ३० | प्रोनिता नागा | भ.न.पा. ४ | ५७ | सुरज सायजु | भ.न.पा. ७ |
| ४ | गुन्जन सुवाल | भ.न.पा. २ | ३१ | नेहाल त्वाती | भ.न.पा. ४ | ५८ | सरोजा किसी | भ.न.पा. ७ |
| ५ | इगन खुर्बुजा | भ.न.पा. २ | ३२ | सलिना कासुला | भ.न.पा. ५ | ५९ | विसाल कवां | भ.न.पा. ७ |
| ६ | एलेक्स बोय्जु | भ.न.पा. २ | ३३ | जेश्री माक | भ.न.पा. ५ | ६० | स्मारिका प्रजापति | भ.न.पा. ८ |
| ७ | रितिका बासुकला | भ.न.पा. २ | ३४ | सुजन आचार्य | भ.न.पा. ५ | ६१ | जोन प्रजापति | भ.न.पा. ८ |
| ८ | सिचु सालिके | भ.न.पा. २ | ३५ | आयुषा कर्माचार्य | भ.न.पा. ५ | ६२ | सलिना बोहजु | भ.न.पा. ८ |
| ९ | सौरभी कोजु | भ.न.पा. २ | ३६ | रोशनी कपाली | भ.न.पा. ५ | ६३ | युनिशा दुवाल | भ.न.पा. ८ |
| १० | ऋषिता कोजु | भ.न.पा. २ | ३७ | सुनेना न्हिसुतु | भ.न.पा. ५ | ६४ | प्रज्वल दुवाल | भ.न.पा. ८ |
| ११ | मेनका सुवाल | भ.न.पा. २ | ३८ | उपासना कर्माचार्य | भ.न.पा. ५ | ६५ | विवेक प्रधान | भ.न.पा. ९ |
| १२ | श्रद्धा कोजु | भ.न.पा. २ | ३९ | कृतिषा त्वायना | भ.न.पा. ५ | ६६ | विजेन देव | भ.न.पा. ९ |
| १३ | रुविस्ना बाटी | भ.न.पा. २ | ४० | एन्जिला देउला | भ.न.पा. ५ | ६७ | समीर कोजु | भ.न.पा. ९ |
| १४ | क्याथ्रिन बासुकला | भ.न.पा. २ | ४१ | राज मचामसी | भ.न.पा. ५ | ६८ | गीत प्रजापति | भ.न.पा. ९ |
| १५ | निस्था गोरा | भ.न.पा. ३ | ४२ | युनिश सिख्वाल | भ.न.पा. ५ | ६९ | सुसन प्रजापति | भ.न.पा. ९ |
| १६ | श्रीजन त्वायना | भ.न.पा. ३ | ४३ | आयुषा सुवाल | भ.न.पा. ५ | ७० | न्युजल प्रजापति | भ.न.पा. ९ |
| १७ | श्रीया शिलाकार | भ.न.पा. ३ | ४४ | रोज गोङ्ग | भ.न.पा. ५ | ७१ | जोन प्रधान | भ.न.पा. ९ |
| १८ | इमरान सुवाल | भ.न.पा. ३ | ४५ | पुजन ढुकुछु | भ.न.पा. ५ | ७२ | रजत प्रजापति | भ.न.पा. ९ |
| १९ | अन्जली कासुला | भ.न.पा. ३ | ४६ | लक्ष्मी कोजु | भ.न.पा. ५ | ७३ | तुलजा गाईजु | भ.न.पा. ९ |
| २० | असिम ग्वाछा | भ.न.पा. ४ | ४७ | रिजु कोण्डा | भ.न.पा. ६ | ७४ | प्रिज्मा प्रजापति | भ.न.पा. ९ |
| २१ | साइना जोशी | भ.न.पा. ४ | ४८ | सोहन दुवाल | भ.न.पा. ६ | ७५ | श्रेसा वैद्य | भ.न.पा. ९ |
| २२ | भिन्तुना किजू | भ.न.पा. ४ | ४९ | दीपिका सुवाल | भ.न.पा. ६ | ७६ | निर्जला श्रेष्ठ | भ.न.पा. ९ |
| २३ | लुजा दुवाल | भ.न.पा. ४ | ५० | रिजु रंजित | भ.न.पा. ६ | ७७ | सकृना भोमी | भ.न.पा. १० |
| २४ | निश्चल तुकंबन्जार | भ.न.पा. ४ | ५१ | कृतिका ख्याजु | भ.न.पा. ६ | ७८ | पलिस्था शाक्य | भ.न.पा. १० |
| २५ | नुस्ला होरा | भ.न.पा. ४ | ५२ | सचिन तुल्सीबाख्यो | भ.न.पा. ७ | ७९ | सुमि तण्डुकार | भ.न.पा. १० |
| २६ | एन्जिला बाटी | भ.न.पा. ४ | ५३ | आयुष्मा कवां | भ.न.पा. ७ | ८० | सहन गोर्खाली | भ.न.पा. १० |
| २७ | जेनिश जोशी | भ.न.पा. ४ | ५४ | श्रीयोज श्रेष्ठ | भ.न.पा. ७ | ८१ | सागर गपी | भ.न.पा. १० |

। सम्पादकीय ।

# स्थानीय तहमार्फत सुरक्षित आवास योजना देशभरि चलाउने बन्दोबस्त आवश्यक छ

गएको भदौ १० गते रसुवाको भोटेकोसी नदीमा आएको हिमपहिरोमा नुवाकोट, धादिङ, गोरखा, चितवनमा समेत जनधनको क्षति भयो । यो पीडामा मलम लगाउने यतिबेला सरकारसँग केही छैन । यही असोज ८ देखि १२ गतेसम्म नेपालको विशेष गरी पश्चिमी भेगमा ठुलो वर्षा हुने अनुमान बाहिरियो । मौसमको अनुमान अधिकांश सत्यनजिक हुन्छ । भदौ १० गतेको रसुवा हिमपहिरोबारे पूर्वसूचना थियो तर सरकारी निकायमा संवेदनशीलता भएन । हिमपहिरो सुरू भएपछि तल्लो तटीय क्षेत्रका मानिसलाई जोगाउन प्रभावकारी रूपमा सरकारी पूर्वसूचना प्रवाह भएन । यतिबेला यही असोज ८ देखि १२ सम्म नेपालमा हुन सक्ने ठुलो वर्षाबारे पनि सरकारी निकायहरू तदारूक भएको सङ्केत छैन ।

आकाशमा कालो बादल देखिएसँगै इलामका जनता पनि बाढी पहिरोको डरमा बस्नुपर्ने सार्वजनिक भयो । सुदूरपश्चिमको बझाङका दलित परिवारहरू खडेरी र पहिरोको कारण जीवन धान्न धौ धौ भएर भारततर्फ लागेको पनि बाहिरियो । रसुवा भेलबाढी पीडित खोला छेउका जनता यतिखेर कटानले फेरि भयमा रहेको सार्वजनिक भयो । भेलबाढीमा बेपत्ता भएका हजारौँ परिवारले मृत्यु दर्ता गराउन नपाउँदा बीमालगायत दाबी गर्न असहज भइरहेको छ । कतिपय बैङ्क तथा वित्तीय संस्थामा राखिएका धितो घर-जग्गा पनि बगाइएको छ । यसकारण, सरकारले देशभरि सुरक्षित स्थानमा मात्र बस्ती विकास गर्न र गराउने योजना अघि बढाउन जरूरी छ । स्थानीय तहमार्फत सुरक्षित आवास योजना देशभरि चलाउने बन्दोबस्त आवश्यक छ ।

सरकारको नेतृत्वमा रहेको रास्वपाले असोज ४ गते भेलबाढीमा बेपत्ता भएकाहरूको मृत्यु दर्ता सहज बनाउन सरकारसँग माग गऱ्यो । आफै सरकारको नेतृत्व गरेको पार्टीले आफैले चयन गरेको सरकारलाई बाढी पीडितहरूलाई सहज हुने गरी मृत्यु दर्ता गराउने बन्दोबस्त यसअघि नै गरिसक्नुपर्थ्यो । विगतमा जुरे र लाङटाङमा यसरी मानिस बेपत्ता हुँदा मृत्यु दर्ता गराउने बन्दोबस्त गरिएको नजिर छँदै छ । रास्वपा सरकारको नेतृत्वमा रहेर पनि प्रतिपक्षीजस्तो सरकारसँग माग गरिरहनु आश्चर्य नै हो ।

रास्वपाले सरकार प्रमुख र परराष्ट्र मन्त्रीलाई संयुक्त राष्ट्रसङ्घको महासभामा रसुवा हिमपहिरोबारे उठाउन लगाउने बतायो । जनताको सरकारले संयुक्त राष्ट्रसङ्घमा सामाजिक न्याय, समानता र मानवीय मूल्य मान्यताको विषय पनि उठाउनु जरूरी हुन्छ भने प्रजातन्त्र एउटा जीवनपद्धति र शोषण नहुने समाज निर्माणको लागि हुनुपर्ने अडान पनि स्पष्ट राख्नु आवश्यक छ ।

विनाशकारी आणविक होडबाजीमा लागेका देशहरूकै कारण संसारमा प्रदुषण फैलिएर पृथ्वीको तापक्रम बढेको र हिमाल पग्लिएर हिमपहिरो आएको हो । रास्वपा सरकारले निजीकरणमा नाफा हुने र सामाजिकीकरणमा घाटा हुने मनस्थिति नत्यागेसम्म संयुक्त राष्ट्रसङ्घलगायत अन्तराष्ट्रिय दब्बुमा आफ्नो विषयबारे धक फुकाएर बोल्न सक्नेछैन । सन् २०१० यता निजीकरणका पक्षधरहरू विश्वभर पपुलिस्टहरूलाई राजनीतिक नेताका रूपमा स्थापित गर्दै छन् । अमेरिकी साम्राज्यवादले युक्रेनको जेलेन्स्की, बङ्गलादेशको युनुस, रास्वपाका रवि, बालेनजस्तै पात्रलाई अघि बढाएको दि ग्रेजोनलगायत सञ्चारमा खुलिरहेको छ ।

अमेरिकी राष्ट्रपति रुजवेल्टले इटालीका प्रजातन्त्रविरोधी फासीवादी मुसोलिनीलाई 'भलादमी' भनी प्रशंसा गरे । तत्कालीन अमेरिकी विदेशमन्त्री कोलिन पावेलले संयुक्त राष्ट्रसङ्घमा इराकमा आणविक हतियार भएको प्रमाण छ भनी झूट बोलेर आक्रमण गरेका थिए । त्यसबेला अमेरिकी नागरिकबाट उठेको कर हतियार खरिदमा लगाइयो भने इराकको तेल खानी केही पुँजीपतिवर्गको नाफा कमाउने भाडो बनाइयो । के यो विषय रास्वपा सरकारका प्रतिनिधिले संयुक्त राष्ट्रसङ्घमा उठाउन सक्ला ?

# माओ त्सेतुङ विचारधाराबारे अध्यक्ष माओ

***(२५ डिसेम्बर १९७९ को दिन चीनका मुख्य-मुख्य समाचार पत्रहरूले केन्द्रीय अभिलेख समितिको मातहतमा पार्टी इतिहासबारेका कागजपत्रको अनुसन्धान विभागबाट तयार पारिएको 'सैद्धान्तिक अध्ययनको प्रश्नमा अध्यक्ष माओ त्सेतुङका केही हस्तलिपिहरूको प्रस्तुतीकरण' भन्ने एक लेख छापे । -सं.)***

केही समयअघि हामीले माओ त्सेतुङ विचारधाराबारे लेखिएका अध्यक्ष माओ त्सेतुङका केही लिखतहरू अध्ययन गऱ्यौँ र थुप्रै कुराहरू पनि सिक्यौँ । माओ त्सेतुङ विचारधारा र सत्यको सिद्धान्तको प्रश्नबारे हालैका अध्ययनमा यो कागत पत्रहरू अमूल्य र ठुलो महत्त्वको छ भन्ने कुरामा हामी विश्वास गर्छौं । अध्यक्ष माओ त्सेतुङको ८६ औँ जन्म दिवसको स्मृतिमा लेखिएका हाम्रा अध्ययनका टिपोटहरू यी हुन् -

चिनियाँ क्रान्तिको अनुभवमा मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनका सिद्धान्तहरूका साथसाथै पार्टी केन्द्रीय समितिको कागतपत्रले निश्चित गरिएको बाटो र नीतिहरूको आधारमा चिनियाँ कम्युनिस्टहरूले लेखिएका केही पुस्तिकाहरू समावेश छन् ।

१९२१ मा चिनियाँ कम्युनिस्ट पार्टीको सबै काममा मार्क्सवाद-लेनिनवादको विश्वव्यापी सत्यतालाई निर्देशक नीतिको रूपमा चिनियाँ क्रान्तिको खास व्यवहारलाई एक गरेको छ, अध्यक्ष माओ त्सेतुङ यस्तो एकताको सबभन्दा ठुलो प्रतिनिधि हुनुहुन्छ । माओ त्सेतुङ विचारधारा चिनियाँ क्रान्तिको महान् सङ्घर्षहरूमा मार्क्सवाद-लेनिनवादको प्रयोग र विकास हो; यो चिनियाँ क्रान्तिको खास व्यवहारसँग मार्क्सवाद-लेनिनवादको विश्वव्यापी सत्यको एकताको फल हो ।




अध्यक्ष माओ त्सेतुङले चिनियाँ जनताको जीत र हारहरूको अनुभव र शिक्षाहरूको सार झिक्नुभयो र चेन तु स्यु, वाङ मिङ र अरूहरूद्वारा प्रतिनिधित्व गरिएको अवसरवादको विरोधको सङ्घर्षमा, सिद्धान्तलाई वास्तविकतसँग जोड्ने प्रश्नलाई अध्ययनको एक तरिकाको रूपमा प्रस्ट रूपले अगाडि ल्याउनुभयो । १९३९ को सुरूमा 'कम्युनिस्टको परिचय' भन्ने आफ्नो लेखमा उहाँले सबभन्दा पहिले मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई चिनियाँ क्रान्तिको खास व्यवहारसँग एक गर्ने सूत्रलाई अगाडि ल्याउनुभयो । त्यस लेखबाट के देखाउनुभयो भने हाम्रो पार्टीको इतिहासमा जब जब मार्क्सवाद-लेनिनवादको विश्वव्यापी सच्चाइलाई चिनियाँ क्रान्तिको खास व्यवहारसँग एक गरियो, क्रान्तिले विकास गऱ्यो र विजयहरू प्राप्त गऱ्यो, त्यसो नगर्दा क्रान्ति पछि पऱ्यो र हारहरू खायो ।

माओ त्सेतुङ आफ्नो सैद्धान्तिक दृष्टिकोणमा साह्रै होसियार र बुद्धिमान हुनुहुन्थ्यो । धेरै लामो समयसम्म माओ त्सेतुङ विचारधाराको प्रस्ताव गर्ने प्रस्तावहरूसँग उहाँ सहमत हुनुभएन ।

१९४३ मा अध्ययनद्वारा येनानमा सुधार आन्दोलनको बेला उल्लेखनीय ढङ्गले सारा पार्टीको मार्क्सवादी लेनिनवादी स्तरलाई माथि उठाइएको थियो, पार्टीभित्रका झन् बढी कामरेडहरूले के देखे भने माओ त्सेतुङद्वारा प्रतिनिधित्व गरिएको मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई चिनियाँ क्रान्तिको वास्तविक परिस्थितिसँग गाँस्ने विचार मात्रै सही थियो, जसले चिनियाँ क्रान्तिलाई विजयसम्म लैजान सक्थ्यो । त्यस वर्ष हाम्रो पार्टी २२ वर्षको थियो र माओ त्सेतुङ ५० वर्षको हुनुहुन्थ्यो । पार्टीभित्र केही कामरेडहरूले उहाँको जन्म दिवस मनाउने कुरा निकाले र माओ त्सेतुङ विचारधारालाई प्रचार गर्ने प्रश्न उठाए ।

पार्टी केन्द्रीय समितिको मातहतको प्रचार विभागका प्रमुख कामरेड काइ फङले माओ त्सेतुङलाई त्यस सुझावबारे




रिपोर्ट गर्नुभयो । उहाँले न जन्म दिवस मनाउने कुरो स्वीकार गर्नुभयो न त माओ त्सेतुङ विचारधाराको उल्लेख गर्ने कुरो मान्नुभयो । पछिल्लो प्रश्नमा कामरेड काइ फङलाई जवाफ दिँदै २३ अप्रिलको आफ्नो पत्रमा उहाँले भन्नुभयो - मेरो विचार (मार्क्सवाद-लेनिनवाद) आफै अझ परिपक्व भएको छैन भन्ने म अनुभव गर्छु, यो अझै सिक्ने अवस्थामै छ; प्रचार गर्ने अवस्थामा होइन । यदि प्रचार गर्नु छ भने खालि सुधार आन्दोलनका जस्ता केही कागत-पत्रहरूका, केही भागहरू मात्रै प्रचार गर्न सुहाउँछ, यसलाई एक विचारधाराको रूपमा प्रचार गर्नु उपयुक्त छैन किनभने मेरो विचारधारा अझसम्म परिपक्वतामा पुगेको छैन ।

१९४५ जूनमा हाम्रो पार्टीको ७ औँ राष्ट्रिय महाअधिवेशनमा पार्टीको संविधानमा तलका हरफ गाँसिएको थियो- "चीनको कम्युनिस्ट पार्टीले मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई चिनियाँ क्रान्तिको व्यवहारसँग एक गर्ने विचार माओ त्सेतुङ विचारधारालाई आफ्नो सबै कामहरूको निर्देशक सिद्धान्तको रूपमा लिन्छ र कोरा सिद्धान्तवादी या प्रयोगसिद्ध अनुभववादी झुकावहरूलाई विरोध गर्छ ।" पछि पछि माओ त्सेतुङले माओ त्सेतुङ विचारधाराप्रति गरिने अवास्तविक उल्लेखहरूलाई विरोध गर्दै जानुभयो, जसलाई उहाँले पार्टी र जनताको सामूहिक सङ्घर्षहरूको फल हो भन्दै जानुभयो ।

माओ त्सेतुङका यी विचारलाई कामरेड ये चिइङ्कले जनवादी गणतन्त्र चीनको स्थापनाको ३० औँ वर्ष समारोहको बैठकमा प्रस्ट पारिदिनुभएको थियो- "माओ त्सेतुङ विचारधारा माओ त्सेतुङको व्यक्तिगत बुद्धिको मात्रै फल होइन, यो उहाँको सहयोद्धाहरू, पार्टी र क्रान्तिकारी जनताको बुद्धिको फल हो । उहाँले एकचोटि भन्नुभएजस्तै यो पार्टी र जनताको सामूहिक सङ्घर्षहरूबाट बढेको हो ।"

हाम्रो लेखा विभागमा राखिएको अध्यक्ष माओ त्सेतुङका लेखहरूबाट हामीले के पायौँ भने १९४८ अगस्टमा देशव्यापी मुक्तिको अवसरमा विजयको खुसीयालीमा, कामरेड उ यूचाङले माओ त्सेतुङ विचारधाराप्रतिको आस्थास्वरूप उत्तरी चीन विश्वविद्यालयको उद्घाटन भाषणमा माओ त्सेतुङ विचारधारालाई माओ त्सेतुङवादमा फेर्ने विचार गर्नुभएको थियो । माओ त्सेतुङलाई एक तार पठाउँदै उहाँले निर्देशन माग्दा जवाफ यस्तो थियो - यो अभिव्यक्ति सबभन्दा अनुपयुक्त छ । माओवाद वा माओ त्सेतुङवाद भन्ने कुनै वस्तु छैन । यो विषय 'खास गरेर माओ त्सेतुङवादको अध्ययन' गर्ने कुरा नभई मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनका सिद्धान्तहरू र चिनियाँ क्रान्तिको अनुभवलाई अध्ययन गर्न, विद्यार्थीहरूलाई अध्ययन गर्न आह्वान गर्न जरुरी हुँदै छ । यहाँ उल्लेखित 'चिनियाँ क्रान्तिका अनुभव' मा मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनका सिद्धान्तहरूमा आधारित (माओ त्सेतुङसहित) चिनियाँ कम्युनिस्टहरूले लेखेका पुस्तिकाहरू र पार्टी केन्द्रीय समितिको सिद्धान्त र नीतिहरूलाई बताउने केही कागत पत्रहरू समावेश छन् ।

लिन प्याओ र चार जनाको गुटले अर्कै उद्देश्य राखेर आफूलाई 'देवताजस्तो तारिफ गर्ने' कोसिसजस्ता गतिविधिहरूबाट अध्यक्ष माओ त्सेतुङ साह्रै असन्तुष्ट हुनुहुन्थ्यो । माओ त्सेतुङ विचारधारालाई बयान गर्न 'सर्वोच्च', 'सबभन्दा रचनात्मक ढङ्ग' र 'विकासको सर्वोच्च चुली' जस्ता अवैज्ञानिक अभिव्यक्तिहरू जोड्ने कुरालाई उहाँ मन पराउनु हुन्नथ्यो र विरोध गर्नु हुन्थ्यो । २५ जुलाई १९६६ को दिन माओ त्सेतुङले एक कागत-पत्रमा तलका टिपोट लेख्नुभयो - "कृपया ध्यान दिनुस् र अबदेखि 'सर्वोच्च, सबभन्दा रचनात्मक ढङ्गले ... ...', 'विकासको सर्वोच्च चुली' र 'सबभन्दा माथिल्लो निर्देशन' जस्ता भाषालाई रोक्नु होला ।" ८ जनवरी १९६८ को दिन बाहिर पठाउने समाचारको पाठलाई जाँच्नु हुँदा माओ त्सेतुङले तलका दुई हरफमा गाढा पङ्क्तिले काट्नुभएको थियो- "कामरेड माओका शब्दहरू सबभन्दा उँचो स्तरका, सबभन्दा शक्तिशाली हुन्छन्, उहाँको हरेक वाक्य सत्य छ र एउटा सिङ्गो वाक्य दस हजार वाक्यको बराबर छ ।" "अध्यक्ष माओले बोल्नुभएको वा लेख्नुभएको हरेक वाक्य एक सत्य हो र एक सिङ्गो वाक्य दस हजार वाक्यको बराबर छ ।"

हाम्रा कार्यकर्ताहरूमध्ये साह्रै कम तिनीहरू आफूलाई सही पक्षका भन्ने सोच्छन् । यसको एउटा कारण हो, तिनीहरूले मार्क्सवादी सिद्धान्तको ज्ञानलाई बुझ्दैनन् । यसकारण, ठुलो धैर्यले त्यस्ता ... ... प्रचार गर्नु साह्रै आवश्यक छ ।

आफ्नो क्रान्तिकारी व्यवहारको लामो वर्षहरूमा माओ त्सेतुङ मार्क्सवादी सिद्धान्तको ज्ञानलाई प्रचार गर्ने ठुलो आवश्यकतासँग सम्बन्धित हुनुहुन्थ्यो । १९३७ मा उहाँ येनानको जापानविरोधी सैनिक र राजनैतिक कलेजमा प्रवचन दिइरहनुहुँदा उहाँले लिनुभएको विषयहरूमध्ये एउटा व्यवहारबारे थियो । येनानमा सुधार आन्दोलन चलिरहँदा अध्ययनको निम्ति कागत-पत्रहरूको एक सँगालो थियो, जसमा माओ त्सेतुङले लेख्नुभएका धेरै महत्त्वपूर्ण लेखहरू समावेश थियो । तिनीहरू हुन् - हाम्रो-अध्ययनलाई सुधार, पार्टीको कामको तरिकामा सुधार गर, पुरानो ढङ्गको पार्टी लेखनलाई विरोध गर, साहित्य र कलाबारे येनान गोष्ठीमा प्रवचन र नेतृत्वको शैलीसम्बन्धी केही प्रश्नहरू । यी रचनाहरू २२ अप्रिल १९४३ को दिन कामरेड काइ फङलाई माओ त्सेतुङको पत्रमा उल्लिखित 'सुधार आन्दोलनका केही कागतपत्रहरू' हुन् र यस लेखमा उल्लेख गरिएको छ ।

यी रचनाहरूमा माओ त्सेतुङले सिद्धान्तको ज्ञानसम्बन्धी प्रश्नहरूलाई स्पष्ट गर्न ध्यान दिनुभयो । द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तलाई प्रयोग गरेर, हरेक कुरालाई वास्तविकताबाट हाम्रो पार्टीको सैद्धान्तिक नीति निश्चित गर्न, तथ्यहरूबाट सत्य खोज्न र सिद्धान्तलाई वास्तविकतासँग गाँस्न उहाँले आश्चर्यजनक रूपले प्रस्ट गरिदिनुभयो । यो पनि द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको सैद्धान्तिक निर्देशन, माओ त्सेतुङ विचारधाराको सही सार हो ।

सिद्धान्तलाई व्यवहारसँग मिलाउने कुरा माओ त्सेतुङले अगुवाइ गर्नुभएको र अगाडि बढाउनुभएको हाम्रो पार्टीको काम गर्ने तीन मुख्य शैलीमध्यको एक हो । मार्क्सवाद -लेनिनवाद र माओ त्सेतुङ विचारधारा अध्ययन गर्दा हामीले त्यसलाई बुझ्नुपर्दछ र त्यसलाई व्यापक ढङ्गले र ठीकसित लागू गर्नुपर्छ, हामीले त्यसको अडान, दृष्टिकोण र तरिकाहरू सिक्नुपर्छ र तिनीहरूलाई हाम्रो क्रान्ति र निर्माणका सैद्धान्तिक र काम गराइको समस्याहरूलाई सुल्झाउनमा प्रयोग गर्नुपर्छ र मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन र अध्यक्ष माओ त्सेतुङका रचनाहरूबाट कण्ठ गरिएका हरफहरूलाई भट्याउनुहुन्न ।

डिसेम्बर १९६० मा, सैनिक कमिसनको लामो बैठकको 'सेनाको राजनैतिक र सैद्धान्तिक कार्यलाई बलियो बनाउने प्रस्ताव' मा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको टिप्पणी पढ्नु हुँदा र मूल हस्तलिपिलाई जाँच्नु हुँदा माओ त्सेतुङले त्यसमा एक साह्रै महत्त्वपूर्ण हरफ जोड्नुभयो - केही शैक्षिक पृष्ठभूमि रहेका सशस्त्र सेनाका कार्यकर्ताहरूले मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनका मौलिक रचनाहरू अध्ययन गर्नुपर्छ । अध्ययनको तरिका भने हाम्रो कार्यको आवश्यकताअनुसार अध्ययन गर्ने खालको हुनुपर्छ, त्यसको अर्थ हो चिनियाँ र अन्तर्राष्ट्रिय समस्याहरू सुल्झाउने उद्देश्यले मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनलाई सहायता लिनुपर्छ, न कि अध्ययन अध्ययनकै निम्ति होस् अथवा किताबको कीराजस्तै पढन, बरु मार्क्सवाद-लेनिनवादको सार बुझ्नको निम्ति पढ्नुपर्छ । अध्यक्ष माओ त्सेतुङका रचनाहरू पढ्ने तरिकामा पनि त्यही कुरा अपनाउनुपर्छ ।

'सही विचार कहाँबाट आउँछ ?' भन्ने रचना मार्क्सवाद-लेनिनवादका जाज्वल्यमान विचार चम्केको एक रचना हो । यो कुरा सबै पार्टीलाई राम्ररी थाहा छ । २ हजारभन्दा पनि कम शब्दहरू भएको त्यस सानो निबन्धले मार्क्सवादी-लेनिनवादी सैद्धान्तिक ज्ञानलाई गम्भीररूपमा अगाडि ल्याउँछ । यो मूल रूपमा १९६३ मईमा अध्यक्ष माओले हाम्रो वर्तमान गाउँले इलाकाको कामका केही समस्याहरूमाथि चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको खेस्रा निर्णयमा एक नोट लेख्नुभएको थियो । त्यस कागतपत्रको चौथो हस्तलिपिमा अहिले हामीहरूले के भेट्टायौँ भने माओ त्सेतुङले एकखास पङ्क्ति थप्नुभएको थियो - सत्यलाई जाँच्ने अर्को उपाय छैन ।

***बाँकी पृष्ठ ७ मा***

# अफ्रिकी स्वतन्त्रता सेनानी क्वामे एन्क्रुमा – २

जून १९४५ मा एन्क्रुमा पुनः बेलायत पुगे । उनी लन्डनस्थित एक पश्चिमी भारतीय पत्रकार जर्ज पदमोरको बारे परिचित थिए । उनकै सहयोगले एन्क्रुमा पश्चिमी अफ्रिकी विद्यार्थी सङ्घ (East African Students' Union) सँग सम्पर्कमा पुगे । कामको खोजी र डेराले लन्डनमा झन् ठूलो समस्या थियो । डेरा खोज्न घरघरको ढोका घच्घच्याउन उनी पुग्थे । घरपतिले ढोका खोलेर हेर्दै एक हब्सी देख्दा 'कोठा खाली छैन' भन्दै ढोका लगाउँथे । अनेक दुःख र हन्डर खाँदै उनी साढे दुई वर्ष बेलायतमै बसी काम गरे ।

एन्क्रुमा पश्चिमी अफ्रिकी विद्यार्थी सङ्घको उपसभापति चुनिए । अब उनी बिस्तारै घाना मात्र होइन, पश्चिमी अफ्रिका र सम्पूर्ण अफ्रिकाकै मुक्तिको बारेमा चिन्तनशील व्यक्तित्वहरू र सङ्गठनहरूसँग आबद्ध हुन पुगे । सेप्टेम्बर महिनामा पेरिसमा मजदुर सङ्घहरूको विश्व महासङ्घको सम्मेलन पनि भइसकेको थियो । तर एन्क्रुमा अफ्रिकाको भविष्य त्यसको स्वाधीनता मात्रै होइन, समाजवादसँग समेत गाँसिनु आवश्यक रहेकोमा प्रस्ट हुँदै गए । १९४५ अक्टोबर १५ मा ७३ वर्षीय विलियम डु बोइस (William Du Bois) को अध्यक्षतामा बेलायतको मेनचेस्टरमा पाँचौँ सम्पूर्ण अफ्रिकी अधिवेशन सुरु भयो ।

अफ्रिकी बुद्धिजीवीहरू, मजदुर सङ्घका प्रतिनिधिहरू, राजनीतिज्ञहरू, मजदुर र विद्यार्थीहरूको प्रतिनिधिहरूको सहभागिता रहेको त्यस मेनचेस्टर अधिवेशनको महत्त्वपूर्ण विषय जातीय भेदभावको विरोध र अफ्रिकी राजनीतिक चेतनाको पुनः जागरण थियो । अधिवेशनमा बेलायती, फ्रान्सेली, बेल्जियमेली र अन्य युरोपेली साम्राज्यवादी देशहरूले पश्चिमी र अन्य अफ्रिकी देशहरूलाई उपनिवेश बनाई जनतालाई दास बनाएका हुन् भन्ने दृढ मत राखियो । त्यसबाट संसारमा फैलिरहेको प्रजातान्त्रिक र समाजवादी आन्दोलनको प्रभाव युवा अफ्रिकीहरूमा परेको स्पष्ट भयो ।

एन्क्रुमाद्वारा खेस्रा गरिएको त्यस अधिवेशनको 'औपनिवेशिक जनताको घोषणापत्र' मा भनिएको थियो – "हाम्रा सबै औपनिवेशिक देशका जनताले आफ्नो भाग्यको फैसला आफैं गर्छौं । सबै उपनिवेशहरू राजनीतिक र आर्थिक रूपमा विदेशी साम्राज्यवादी नियन्त्रणबाट स्वतन्त्र हुनुपर्छ ।

विदेशी शक्तिहरूको हस्तक्षेपबिना उपनिवेशका जनताले




आ-आफ्ना सरकारहरू आफैं चुन्ने अधिकार हुनुपर्छ । आफ्नो उद्देश्य प्राप्तिको निम्ति उपनिवेशका जनतालाई आफ्ना सबै उपायहरूले सङ्घर्ष गर्न आह्वान गर्छौं ।

साम्राज्यवादी देशहरूको उद्देश्य शोषण हो । साम्राज्यवादीहरूको विरोधमा मजदुर र किसानहरूले हडताल र बहिष्कारको हतियारमार्फत लडाइँ सुरु गरौं । मजदुर अधिकारको निम्ति लडौं, प्रेस स्वतन्त्रता, वाक्-स्वतन्त्रता, विचार स्वतन्त्रता, साहित्य र लेखपढको स्वतन्त्रताको निम्ति सङ्घर्ष गरौं । संसारका सबै उपनिवेशका जनतासँग एक होऔं ।"

पाँचौं अखिल अफ्रिकी अधिवेशनको सन्देश राष्ट्रिय मुक्तिको निम्ति सङ्घर्षरत भारत, इन्डोनेसिया, भियतनाम आदि देशमा पुग्यो । निर्णय कार्यान्वयन गर्न पश्चिम अफ्रिकी राष्ट्रिय सचिवालयको कार्यालय लन्डनमा राखियो । त्यसको महासचिव एन्क्रुमा चुनिए । यसरी उनी घाना, पश्चिम अफ्रिका सबैको मुक्तिसँग जोडिए । अधिवेशनपछि उनले पेरिस गई लियोपोल सैँघोर (Leopol Senghor), फेलिक्स होउफौं-बोइजी (Felix Houphoun-Boigxy), लामिन ग्वे (Lamine Gueye) र सोउरस आपिथी (Sourous Apithy) जस्ता अफ्रिकी-फ्रान्सेली राष्ट्रिय सभाका सदस्यहरूसँग भेटे ।

सन् १९४६ को अगस्टको अन्त र सेप्टेम्बरको सुरुमा लन्डनमा एक सम्मेलन भयो । त्यस सम्मेलनमा सैँघोर, आपिथीजस्ता पश्चिम अफ्रिकी मूलका प्रतिनिधिहरू पनि सहभागी भए । त्यसपछि पश्चिम अफ्रिकी राष्ट्रिय सम्मेलन नाइजेरियाको राजधानी लागोसमा गर्ने उद्देश्यले छलफल गर्न एन्क्रुमा १९४८ मा पुनः पेरिस पुगे ।

बेलायतमा बसेर एन्क्रुमाले त्यहाँको महानिर्वाचन हेरे, बुझे र अन्तमा त्यहाँको श्रमिक दल (Labour Party) र रुढीवादी दल (Tories) बिच उपनिवेशको नीतिमा भिन्नता नभएको देखे । सङ्गठनको विचार प्रस्टरूपमा राख्न उनले मार्च १९४६ मा मासिक पत्रिका 'नयाँ अफ्रिका' प्रकाशित गरे । 'जागृत अफ्रिकाको आवाज' पत्रिकाको तल लेखिएको थियो भने 'एकता र पूर्ण स्वाधीनता' त्यसको उद्देश्य थियो । पत्रिका सबैले मन पराए । तर, आर्थिक अभावले 'नयाँ अफ्रिका' बन्द भयो ।

राम्रो र कठिन उद्देश्यको निम्ति एन्क्रुमा बेलायतको सबभन्दा सस्तो खाने पसलमा खान्थे । डेरामा मध्यरातमा फर्कंदा घरबेटीले जेजति खाना राखेको हुन्थ्यो त्यही खान्थे र नमाझेका भाँडाकुँडा माझ्थे । त्यसबेला अनेक प्रकारका सङ्गठनहरू थिए । अफ्रिकी युवाहरूका केही गुप्त वा खुला थिए भने कुनै षड्यन्त्रमा विश्वास गर्ने सङ्गठन थिए । 'पश्चिम अफ्रिकी एकताको निम्ति क्रान्तिकारी र राष्ट्रिय स्वाधीनता', 'पश्चिम अफ्रिकास्तरीय राष्ट्रिय काङ्ग्रेस', 'अफ्रिकी समाजवादी गणतन्त्रहरूको सङ्घ' जस्ता सङ्गठनहरू क्रियाशील थिए । ती सङ्गठनले एन्क्रुमाको नेतृत्वलाई स्वीकार्थे तथा 'महापरिषद्' को आदेश मान्थे । महिनाको हरेक २१ तारिखको दिन बैठक राखिन्थ्यो ।

सन् १९२० को दशकमा सोभियत सङ्घमा बसेका एक अफ्रिकी बुद्धिजीवी बाँकोल आउनर-रेनरले १९४६ मा लन्डनबाट 'पश्चिम अफ्रिकी सोभियत सङ्घ' नामक पुस्तक प्रकाशित गरे । त्यस्तै १९२० को दशकमै क्यासिले हेफोर्डले घाना वा गोल्ड कोस्टको स्वाधीनताको निम्ति पश्चिमी अफ्रिकी राष्ट्रिय काङ्ग्रेस स्थापना गरेका थिए । सन् १९३० तिर क्यासिले हेफोर्डको निधनपछि बन्द भएको त्यो सङ्गठनलाई पुनः सक्रिय बनाउने काम बेलायती र फ्रान्सेली उपनिवेशका प्रतिनिधिहरूले गरे ।

घाना अर्थात् गोल्ड कोस्टमा अफ्रिकीहरूले आफ्नो देशमा स्वराज गर्ने अधिकार हुनुपर्छ भन्ने उद्देश्य राख्ने एउटा राजनीतिक सङ्गठन थियो । त्यस सङ्गठनको नाम 'संयुक्त गोल्ड कोस्ट सम्मेलन' (United Gold Coast Convention-UGCC) थियो । त्यसका नेता अको आड्जी थिए । एन्क्रुमाको सं.रा. अमेरिका र बेलायतको गतिविधिबाट प्रभावित भएर त्यस सङ्गठनले आफ्नो महासचिव बन्न र महिनाको १०० पाउन्ड पारिश्रमिक दिन पत्र लेख्यो ।

संयुक्त गोल्ड कोस्ट सम्मेलनबारे पश्चिमी अफ्रिकी सचिवालयमा पनि छलफल गरियो । सरल जीवन बिताइरहेका एन्क्रुमाको निम्ति ठूलो रकमको प्रस्तावले सबैलाई घोत्लिनुपर्ने स्थितिमा पुऱ्याउनु स्वाभाविक हो । गोल्ड कोस्टबाट फर्केका एक शिक्षकको अध्ययनअनुसार संयुक्त गोल्ड कोस्ट सम्मेलन एक पुँजीवादी 'सम्भ्रान्त' हरूको सङ्गठन थियो । त्यो साँचो उपनिवेशवादविरोधी आन्दोलन थिएन । यसकारण, एन्क्रुमाले त्यसबारे पत्रहरूबाट जानकारी पनि लिंदै थिए । त्यस सम्मेलनका अर्का संस्थापक जोसेफ बी. डानक्वाले एन्क्रुमालाई महासचिवको पद ग्रहण गर्न पत्रद्वारा आग्रह गरे ।

सल्लाहअनुसार एन्क्रुमा घानाको निम्ति बन्दरगाहमा पुग्दा प्रहरीलाई आफ्नो सबै जानकारी थाहा हुँदा आश्चर्यमा परे । तर, सरकारले उनलाई बेलायत छोड्न स्वीकृति दियो । बेलायती कम्युनिस्टहरूबारे सरकारले बढी ध्यान दिएको उनले थाहा पाए । सियरा लियन, लाइबेरिया र आइभरी कोस्ट हुँदै डिसेम्बर १९४७ मा उनी घाना पुगे ।

एन्क्रुमालाई घानाको बेलायती उपनिवेशवादीहरूको सबै गतिविधि थाहा थिएन । सन् १९४६ मै बेलायत गभर्नरको मातहतमा एक संविधान (Burns Constitution) घोषणा भएको रहेछ । संविधानअनुसार ३१ जना सदस्य रहने विधायिका परिषद् गभर्नरको सल्लाहकार जस्तै हुने तथा सदस्यहरू जातीय, वन्यजातिका मुखिया र सम्पन्न व्यक्तिहरू मात्रै रहने प्रावधान थियो ।

एन्क्रुमालाई बोलाउने संयुक्त गोल्ड कोस्ट सम्मेलन १९४७ अगस्ट महिनामा स्थापना भएको थियो । त्यसमा ठूलठूला व्यापारी जर्ज ग्रान्टजस्ता काठ र कोका दानाको निर्यातकर्ता, वकिल, गाउँ र सहरका खानदानी व्यक्तिहरू र धनाढ्यहरू मात्रै थिए । तिनीहरू कानुनी ढङ्गले नै सरकारमा पुगेर माथिल्लो वर्गको हित चाहन्थे ।



संयुक्त गोल्ड कोस्ट सम्मेलनको भित्री कुरा बुझेपछि एन्क्रुमाले नयाँ सङ्गठनको आवश्यकता अनुभव गरे । जनवरी १९४८ मा युवाहरू, मजदुर, माझी र किसानको सङ्गठन, आइतबार-आइतबारको दिन राजनीतिक कक्षा सञ्चालन र पछिको निम्ति देशभरि आफ्नो सङ्गठनको विस्तारमा उनी लागे । सल्ट पोन्ड भन्ने टाढाको सानो सहरमा आफ्नो केन्द्रीय कार्यालय स्थापना गरेर जङ्गल र पहाडहरूमा गई उनले सरल भाषामा भाषणहरू दिँदै सयौं सङ्गठनहरू बनाए । ससाना समितिहरू बनाउँदै उनी अगाडि बढे । क्रोबो इड्सी, कोफी बुको र कोजो बोत्सिओजस्ता साथीहरूले उनलाई साथ दिए ।

सन् १९४८ को फेब्रुअरी महिनामा दोस्रो विश्वयुद्धमा बेलायतको तर्फबाट लडाइँ लडेका ६५ हजार भूपू सैनिकहरूले रोजगारी र मूल्यवृद्धिलाई लिएर गभर्नरकै निवासमा विरोध प्रदर्शन गरे । बेलायती सरकारले राजधानी आक्रा र कुमासी सहरमा गोली चलाएर २० जनाको हत्या गऱ्यो र २३० जनालाई घाइते बनायो । त्यसको दोष संयुक्त गोल्ड कोस्ट सम्मेलनलाई दिई एन्क्रुमा र अन्य नेताहरूलाई 'कम्युनिस्ट षड्यन्त्र' भनी सरकारले पक्राउ गऱ्यो । बेलायती उपनिवेशवादीहरूले वास्तविकता थाहा पाएर एन्क्रुमा र अन्य नेताहरूलाई ६ हप्तापछि छोडे । त्यस पक्राउले एन्क्रुमा १९४८ को युवा आन्दोलनको नेताका रूपमा प्रतिष्ठित भए । उनलाई कुमासी जेलमा नजरबन्द गरिएको थियो । त्यस घटना वा उपद्रवमा दुई करोड पाउन्ड क्षति भएको बताइएको थियो ।

कारागारबाट छुटेर एन्क्रुमा देश भ्रमणमा निस्के । नारा थियो – 'अब स्वराज चाहिन्छ ।' कोका उत्पादक किसानहरू बेलायती उपनिवेशवादका विरोधी थिए । एन्क्रुमाले महिलाहरूको पनि मताधिकारबारे आवाज उठाए । घाना मात्रै होइन, अफ्रिकाकै निम्ति पनि त्यो विषय नयाँ थियो ।

बेलायती गभर्नर र उपनिवेशवादीहरूको नयाँ संविधानअनुसार ५५ वर्षका कानुन व्यवसायी हेनली कौसीको नेतृत्वमा ४० जनाको परिषद् गभर्नरले मनोनयनमा बनाउने योजना बन्यो । त्यसमा एन्क्रुमालाई राखिने थियो ।

एन्क्रुमाको परिवर्तनवादी दृष्टिकोणलाई बुझेर संयुक्त गोल्ड कोस्ट सम्मेलनको कार्यकारी समितिले एन्क्रुमालाई महासचिवबाट हटायो र बेलायत फर्कन १०० पाउन्ड दिने प्रस्ताव राख्यो । एन्क्रुमाले त्यो प्रस्तावलाई अस्वीकार गरे र पार्टी स्थापना गर्ने योजना बनाए ।

**आक्रा सन्ध्या खबर**

नयाँ राजनीतिक दल स्थापना गर्नुभन्दा पहिले 'अगुवाहरूको समूह', 'प्रचार समूह', 'गतिविधि गर्ने समूह', 'सङ्गठनकर्ताहरूको समूह' र 'राजनीतिक शिक्षकहरूको समूह' आवश्यक हुन्छ । यसकारण प्रचार, शिक्षण र गतिविधि गर्न पनि एउटा समाचारपत्र आवश्यक हुँदा एन्क्रुमा र अन्य ४-५ जना साथीहरू मिलेर 'आक्रा सन्ध्या खबर' १९४८ सेप्टेम्बरमा प्रकाशन गरे । त्यसको मुख्य उद्देश्य थियो – 'मानिसको रूपमा बाँच्ने हाम्रो अधिकार छ', 'शासन गर्ने हामीसँग अधिकार छ', 'दासताको खतराको विरोधमा 'स्वराज' र 'स्वराज नै आजको आवश्यकता' हो ।

पत्रिका हातहातमा बिक्यो । सम्पादक मण्डलको कार्यालयअगाडि मानिसहरू झुम्मिन्थे । प्रेसको काम हातैले अक्षर मिलाउने र छाप्ने पुरानै शैलीको थियो । एन्क्रुमा र साथीहरू आफैले सबै काम गर्थे । पत्रिकाको भाषा अत्यन्त सरल र बुझ्ने खालको हुन्थ्यो ।

रुढीवादी नेतृत्वसँग अलग भएपछि एन्क्रुमाले राजनीतिकरूपले सचेत र सक्रिय युवाहरूलाई लिएर जून १९४९ मा तार्कवा (Tarkwa) भन्ने सहरमा एक सम्मेलन गरी 'जनसभा दल' (सीपीपी) भन्ने दल स्थापना गरे । 'स्वराज' को निम्ति सबै किसिमका संवैधानिक उपायद्वारा गोल्ड कोस्टका जनताको निम्ति सबै किसिमका दमनकारी रूपहरूलाई हटाएर सङ्घर्षशील सचेत राजनीतिक अगुवाहरूले जनताको सेवाको निम्ति एक प्रजातान्त्रिक सरकार स्थापना गर्ने उद्देश्य राखेका थिए ।

१९४९ जून १२ को दिन आक्राको रङ्गशालामा ६० हजार जनताको भेलामा एन्क्रुमाले पार्टीको स्थापना र उद्देश्यको घोषणा गरे । रातो, सेतो र हरियो रङ्गको झन्डामुनि अन्तिम साससम्म जनताको हितको निम्ति लड्ने उद्घोष गर्दा सहभागीहरू उनको वक्तृत्वकलाबाट मन्त्रमुग्ध भए । केही समयमै गाउँगाउँमा सङ्गठनहरू बने । उनी ४९ वर्षका प्रौढ थिए । ६ महिनाभित्र अर्थात् १९५० सम्ममा त्यस पार्टीको सदस्य सङ्ख्या १० लाखभन्दा बढी पुग्यो ।

जनवरी १९५० मा बेलायती सरकारको तर्फबाट रेजिनाल्ड सालोवेको नामक एक उच्चस्तरीय अधिकारी घाना पुग्यो । बेलायतीहरूले बनाएको संविधान लागू नगराएको र त्यसको विकल्पमा अर्कै प्रतिनिधिसभाको स्थापना गरी उपद्रव गरेको भनी उनले एन्क्रुमा र जनसभा दललाई दोष दियो । त्यसको विरोधमा एन्क्रुमाले बेलायती सामानको बहिष्कार, शान्तिपूर्ण प्रदर्शन र सभाहरूको आयोजना गर्न लगाए । उनले जिल्ला जिल्लाको भ्रमण गरी मजदुर सङ्गठनहरूको महाधिवेशनमार्फत देशव्यापी हडताल गर्न लगाए । ११ जनवरीको दिन देश पूर्ण रूपले बन्द भयो । सरकारले दमनको उपाय अपनायो ।

सरकारले सेना र प्रहरीमार्फत सङ्कटकाल लागू गऱ्यो । धेरै नेता र कार्यकर्ताहरू पक्राउ परे । पत्रपत्रिका बन्द गरियो तर दमनले जनतामा झन् राजनीतिक चेतना बढ्यो । एन्क्रुमालाई आक्राकै जेम्स किल्लामा ३ वर्षको जेल सजाय भयो । सरकार समर्थक पत्रपत्रिकाहरूले एन्क्रुमा र उनको पार्टीलाई 'कम्युनिस्ट', 'विध्वंसात्मक तत्त्वहरू' र 'हुल्याहाहरू' जस्ता लाञ्छना लगाए तथा पार्टी फोर्ने कोसिसहरू गरे । उनी एक वर्ष बिनाकलम-कापी थुनिए ।

१ जनवरी १९५१ को दिन बेलायती सरकारले घानामा अर्को संविधान (Coussey Constitution) स्वीकार भयो । फेब्रुअरी ८ को दिन नयाँ संविधानसभाको निर्वाचनको घोषणा गऱ्यो । जनसभा दलका नेताहरूले कारागारमै बसेर महानिर्वाचनमा भाग लिने वा बहिष्कार वा संसदीय बन्दोबस्तको निन्दा वा सङ्घर्ष के गर्ने भन्नेबारे छलफल गरे । निर्वाचनलाई उपयोग नगर्दा प्रतिगामीहरूले फाइदा उठाउने हुनाले निर्वाचनमा भाग लिने र एन्क्रुमालाई आक्राको केन्द्रीय जिल्लाबाट उम्मेदवार बनाउने पार्टी बैठकले निर्णय गऱ्यो ।

एन्क्रुमाले कारागारबाटै चुनावी घोषणापत्र तयार पारे । त्यसमा देशलाई औद्योगिकीकरण गर्ने, बेरोजगारी उन्मूलन गर्ने, शिक्षा र स्वास्थ्यलाई प्रजातान्त्रिक गर्ने, पुरुष र महिलालाई समान अवसर दिई समाजवादी राज्य निर्माण गर्ने विषय उल्लेख गरियो । अन्तमा शोषित र पीडित घानावासीहरूलाई आह्वान गरियो – 'आफ्नो देश जोगाउने मौका जनताकै हातमा छ । जनसभा दललाई मत देऊ;' ५ देखि १० फेब्रुअरी १९५१ को बिहान निर्वाचन सुरु भयो ।

९ फेब्रुअरी १९५१ को बिहान जेलका अधिकारीहरूले एन्क्रुमालाई उनको निर्वाचन क्षेत्रमा ९८ प्रतिशत जनताले उनलाई मतदान गरेको तथा ३८ ओटा विधानसभाको स्थानमा उनको दलले ३४ स्थान प्राप्त गरेको बताए । कोम्ला आग्बेदी गेदमाह निर्वाचन प्रचारका नायक थिए ।

१२ फेब्रुअरीको दिन एन्क्रुमा जेलबाट छुटे । १३ फेब्रुअरीको दिन गभर्नरले सरकार बनाउन आमन्त्रण गऱ्यो । २० फेब्रुअरीको दिन विधानसभा बस्यो । त्यसको अध्यक्ष इसी क्विस्ट थिए । मार्च १९५२ को दिन एन्क्रुमाले प्रधानमन्त्रीको रूपमा संविधान संशोधन गर्न 'भाग्यको प्रस्ताव' राखे । ४५ मध्ये ३१ जनाको बहुमत थियो र ८ जना अनुपस्थित रहे । १० जुलाई १९५३ मा त्यो प्रस्ताव बेलायती राष्ट्रमण्डलबाट स्वीकार गरियो ।

*स्रोत : स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा*




फिलिपिन्समा मार्सल ल (सैनिक शासन) घोषणाको ५४ औं वार्षिकी र नरसंहारको स्मरणमा फिलिपिन्सको राजधानी मनिलामा भएका अनेक जुलुस प्रदर्शनमध्ये एक जुलुस सेप्टेम्बर २१, २०२६ को दिन । तानाशाही शासनविरुद्धको लडाइँका नायक र सहिदहरूलाई सम्फना गर्न र मार्कोस जुनियरको शासनको निरन्तर निष्क्रियता, भ्रष्टाचार, र जवाफदेहीताको कमीको निम्ति जवाफदेही बनाउन फिलिपिन्स जनशक्ति पार्टी (पीएलएम) संयुक्त फिलिपिनो श्रमिक सङ्गठन र अन्य जन सङ्गठन र क्षेत्रहरूले विरोध प्रदर्शन आह्वान गरेका हुन् ।

फिलिपिन्समा मार्सल लको घोषणा भएको ५४ वर्षपछि पनि गरिबी र उत्पीडनको जरा सम्भ्रान्त र वंशजद्वारा शासित सडेको व्यवस्था छ । बाढी नियन्त्रणमा भ्रष्टाचार र उचित पारिश्रमिक नदिनेदेखि प्रकृतिको विनाश, भूमि अतिक्रमण र सीमान्तकृत समुदाय र आदिवासी जनजातिको विस्थापनसम्म जनविरोधी सरकारले आफ्नो स्वार्थका लागि जनताको बलिदान दिइरहेको छ । *तस्बिर : पिएलएम फेसबुकपेज*

# रुसको संसदीय निर्वाचनमा पुटिनको दलको अग्रता

मस्को, ५ असोज (एएफपी) । साइबर आक्रमण र युक्रेनी ड्रोन हमलाबिच सम्पन्न रुसी संसदीय निर्वाचनमा राष्ट्रपति भ्लादिमिर पुटिनको सत्तारूढ युनाइटेड रसिया पार्टीले ठूलो अग्रता लिएको छ । सरकारी सञ्चारमाध्यमका अनुसार करिब ७१ प्रतिशत मतगणना हुँदा युनाइटेड रसियाले ५७ दशमलव पाँच प्रतिशत मत प्राप्त गरेको छ ।

राज्य डुमाका ४५० सिटका लागि भएको यो निर्वाचन सन् २०२२ मा युक्रेनमाथि रुसको ठूलो सैन्य कारबाही सुरु भएपछिको पहिलो संसदीय निर्वाचन हो । प्रारम्भिक परिणाममा कम्युनिस्ट पार्टीले १४ प्रतिशत र राष्ट्रवादी एलडिपिआरले आठ दशमलव सात प्रतिशत मत पाएका छन् । सरकारी समाचार संस्था तासका अनुसार सत्तारूढ दलले दुई तिहाइ बहुमत कायम राख्ने दिशामा रहेको छ ।

युद्धविरोधी याब्लोको पार्टीलाई सर्वोच्च अदालतले निर्वाचनको केही साताअघि सङ्घीय सूचीमा उम्मेदवारी दिन रोक लगाएको थियो । यद्यपि उसका केही उम्मेदवार एकल निर्वाचन क्षेत्रबाट प्रतिस्पर्धामा रहेका थिए । रुसले कब्जा गरेको युक्रेनी भूभागमा समेत मतदान भएको थियो ।

मतदानको अन्तिम दिन युक्रेनले मस्को र आसपासका क्षेत्रमा ठूलो सङ्ख्यामा ड्रोन प्रहार गरेको रुसी अधिकारीहरूले बताएका छन् । मस्कोका मेयर सर्गेइ सोब्यानिनका अनुसार करिब एक हजार छ सय ड्रोन प्रहार गरिएकामा चार सय ५० राजधानीतर्फ लक्षित थिए । आक्रमणमा कम्तीमा दुई जनाको मृत्यु भएको तथा आवासीय भवन र तेल प्रशोधन केन्द्रमा क्षति पुगेको बताइएको छ ।

यसैबिच, रुसी निर्वाचन पूर्वाधारमाथि एक हजारभन्दा बढी चरणमा डिडिओएस साइबर आक्रमण भएको केन्द्रीय निर्वाचन आयोगकी अध्यक्ष एला पामफिलोभाले बताउनुभएको छ । उहाँले कृत्रिम बौद्धिकता प्रयोग गर्ने समन्वित समूह आक्रमणमा संलग्न भएको देखिएको बताउनुभयो ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले ड्रोन आक्रमण प्रभावकारी भएको दाबी गरेका छन् भने रुसी रक्षा मन्त्रालयले त्यसको प्रतिक्रियामा किएभमा सैन्य लक्ष्यविरुद्ध आक्रमण तीव्र पार्ने चेतावनी दिएको छ । निर्वाचनको अन्तिम परिणाम सोमबार सार्वजनिक हुने अपेक्षा गरिएको छ ।

# अन्तरिक्षमा खेतीको प्रयोग तीव्र पार्दै चीन, १४ प्रजातिका वनस्पति उत्पादन

थियानजिन, ५ असोज (सिन्हवा) । चीनले आफ्नो अन्तरिक्ष केन्द्र 'थियानगोङ' मा हालसम्म १४ प्रजातिका २० भन्दा बढी प्रकारका वनस्पति उत्पादन गरेको छ । यस उपलब्धिले भविष्यमा अन्तरिक्ष केन्द्रमै ठूलो मात्रामा बाली उत्पादन गर्ने आधार तयार भएको चिनियाँ अधिकारीहरूले बताएका छन् ।

चीनको अन्तरिक्षयात्री केन्द्रका अनुसार, अन्तरिक्ष केन्द्रमा सलादका पात, गाजर, सूर्यमुखी, आलु र गहुँलगायत विभिन्न बाली उत्पादन भइरहेका छन् । हालै उत्तरी चीनको थियानजिनमा आयोजित अन्तरिक्ष चिकित्सा तथा इन्जिनियरिङसम्बन्धी सम्मेलनमा शेनफोउ-२१ का अन्तरिक्षयात्री भाङ होङभाङले अन्तरिक्ष केन्द्रमा हुर्किरहेका वनस्पतिका तस्बिर तथा भिडियो सार्वजनिक गरेका थिए ।

चीनमा दीर्घकालीन मानव अन्तरिक्ष उडानको युग सन् २०२१ को अक्टोबरमा सुरु भएको थियो । त्यतिबेला शेनफोउ-१३ का अन्तरिक्षयात्री झाइ झिगाङ, वाङ यापिङ र ये गुआङफुले चीनको अन्तरिक्ष केन्द्रको मुख्य भाग 'थियान्हे' मा प्रवेश गरेका थिए ।

चीनको अन्तरिक्षयात्री केन्द्रका विज्ञ बियान छियाङका अनुसार, लामो समयसम्म अन्तरिक्षमा मानव बसोबास गर्न पृथ्वीबाट हुने खाद्यान्न, पानी र अन्य आवश्यक सामग्रीको आपूर्तिमाथिको निर्भरता घटाउनु आवश्यक छ ।

यस उद्देश्यका लागि चीनले नियन्त्रित पारिस्थितिक जीवन-समर्थन प्रणाली विकास गरिरहेको छ । यस्तो प्रणालीमा कृत्रिम रूपमा तयार गरिएको बन्द र नियन्त्रित वातावरणभित्र हावा, पानी र खाद्य पदार्थको पुनर्चक्रण तथा पुनःउत्पादन गरिन्छ । यसको दीर्घकालीन लक्ष्य अन्तरिक्षमा मानिसका लागि आवश्यक जीवनोपयोगी स्रोतहरू सकेसम्म त्यहीं उत्पादन गर्ने हो ।

हाल अन्तरिक्ष केन्द्रमा बिरुवा हुर्काउन दुई प्रकारका प्रणाली निरन्तर सञ्चालनमा छन् । पहिलो प्रणालीमा बिरुवा हुर्काउन विशेष माध्यमको प्रयोग गरिन्छ भने दोस्रो प्रणालीमा बिरुवाको जरामा पोषक तत्त्वयुक्त पानी वा घोल पुऱ्याउने हावामा आधारित प्रविधि प्रयोग भइरहेको छ । यी प्रयोगबाट वैज्ञानिकहरूले अन्तरिक्षमा बिरुवा हुर्काउने, खाद्य बाली उत्पादन गर्ने तथा भविष्यमा मानिसको दीर्घकालीन बसोबासका लागि आवश्यक जीवन-समर्थन प्रणाली विकास गर्ने महत्त्वपूर्ण अनुभव प्राप्त गरिरहेका छन् ।

सन् २०२५ मा अफ प्रभावकारी हावामा आधारित बिरुवा उत्पादन प्रणाली अन्तरिक्षमा पठाइएको थियो । त्यसपछि गहुँले अन्तरिक्षमै आफ्नो पूर्ण वृद्धि चक्र पूरा गरेको छ । पहिलो पटक उत्पादन भएको गहुँबाट प्राप्त बीउ प्रयोग गरेर दोस्रो चरणमा लगाइएको गहुँ पनि राम्रोसँग हुर्किरहेको र कटानीको नजिक पुगेको बियानले बताएका छन् ।

अन्तरिक्षमा गहुँको पूर्ण वृद्धि चक्र पूरा हुनु चीनका लागि महत्त्वपूर्ण उपलब्धि मानिएको छ । यसले पृथ्वीबाट बीउ तथा खाद्यान्न निरन्तर पठाउनुपर्ने निर्भरता घटाउने सम्भावनाबारे अध्ययन गर्न वैज्ञानिकहरूलाई थप आधार दिएको छ ।

चीनले भविष्यमा आफ्नो चन्द्र अन्वेषण कार्यक्रम अघि बढ्दै जाँदा चन्द्रमामै 'तरकारी बगैंचा' स्थापना गर्ने योजना पनि बनाएको छ । यस्तो योजना सफल भएमा चन्द्रमामा लामो समयसम्म रहने अन्तरिक्षयात्रीका लागि केही ताजा खाद्य पदार्थ त्यहीं उत्पादन गर्न सकिने सम्भावना हुनेछ ।

चीनको अन्तरिक्ष केन्द्र 'थियानगोङ', जसको अर्थ 'स्वर्गीय दरबार' हो, अहिले दीर्घकालीन मानव बसोबासको चरणमा प्रवेश गरिसकेको छ । शेनफोउ-२३ अभियानका एक अन्तरिक्षयात्रीले अन्तरिक्षमा एक वर्षसम्म बस्ने योजना रहेको छ ।

यससँगै चीनले सन् २०३० मा मानवसहित चन्द्रमामा अवतरण गर्ने लक्ष्य राखेर आफ्नो चन्द्र अन्वेषण कार्यक्रमलाई अघि बढाइरहेको छ । अन्तरिक्षमा बाली उत्पादनसम्बन्धी अहिले भइरहेका प्रयोगहरू भविष्यमा चन्द्रमा तथा अन्य गहिरो अन्तरिक्ष अभियानमा मानिसका लागि खाद्य उत्पादन र जीवन-समर्थन प्रणाली निर्माण गर्न उपयोगी हुने अपेक्षा गरिएको छ ।

## विश्व सङ्क्षेप

# डुजुआनले जापानमा जनजीवन प्रभावित

टोकियो, ५ असोज (एएफपी) । टाइफुन डुजुआन टोकियो नजिकिँदै गर्दा सोमबार जापानमा कम्तीमा २७५ उडान रद्द भएका छन् भने हजारौं घरमा विद्युत् आपूर्ति अवरुद्ध भएको छ । जापान मौसम विज्ञान एजेन्सीले मङ्गलबारसम्म सेप्टेम्बरको औसत मासिक वर्षाभन्दा बढी पानी पर्न सक्ने चेतावनी दिएको छ ।

चिबा प्रान्तमा चार हजारभन्दा बढी घर विद्युतविहीन भएका छन् भने टोकियो र आसपासका क्षेत्रमा रेल सेवा प्रभावित भएको छ । जापान एयरलाइन्सले १२० आन्तरिक र १५ अन्तर्राष्ट्रिय तथा अल निप्पोन एयरवेजले १४० आन्तरिक उडान रद्द गरेका छन् ।

एजेन्सीका अनुसार टाइफुनसँगै वर्षा र हावाको गति थप तीव्र हुने तथा केही क्षेत्रमा रेकर्ड तोड्ने भारी वर्षा हुनसक्छ । टोकियोबाट करिब ११० किलोमिटर टाढा हचिजोजिमा नजिक पुग्दा आँधीको हावाको गति प्रतिघण्टा १४४ किलोमिटरसम्म पुगेको थियो । भारी वर्षासँगै पहिरोको जोखिम रहेकाले स्थानीय अधिकारीले बासिन्दालाई सतर्क रहन आग्रह गरेका छन् । आँधीका कारण विश्वकै ठूलो भिडियो गेम व्यापार मेला 'टोकियो गेम शो' अन्तिम दिन सोमबार निर्धारित समयभन्दा अगावै बन्द गरिएको छ । चिबामा हुने प्रमुख खुला सङ्गीत महोत्सव र एउटा बेसबल खेलसमेत रद्द गरिएको छ ।

# बङ्गलादेशमा ग्यास सिलिन्डर विस्फोट हुँदा ७ जनाको मृत्यु, १३ घाइते

ढाका,५ असोज (सिन्हवा) । बङ्गलादेशको राजधानी ढाकाको बाहिरी क्षेत्रमा पर्ने आशुलियामा ग्यास सिलिन्डर विस्फोटपछि भएको भीषण आगलागीमा परी कम्तीमा सात जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् ।

आइतबार राति एक कारखाना परिसरमा पार्किङ गरिएका केही कभर भ्यानमा आगलागी भएको थियो । आशुलिया प्रहरी कार्यालयका प्रमुख मोहम्मद तारिकुल इस्लामका अनुसार कभर भ्यानबाट ग्यास सिलिन्डर भार्ने क्रममा स्थानीय समयअनुसार साँफ करिब ७ बजे विस्फोट भएको हो ।

विस्फोटपछि लागेको आगलागीमा कभर भ्यानभित्रबाट पाँच जनाको शव निकालिएको थियो भने एक जनाको नजिकैको पसलमा मृत्यु भएको प्रहरीले जनाएको छ । घटनामा सुरुमा १४ जना घाइते भएका थिए । तीमध्ये एक जनाको उपचारका क्रममा मृत्यु भएपछि घाइतेको सङ्ख्या १३ पुगेको हो ।

प्रहरीका अनुसार आगलागी करिब राति ८ बजे नियन्त्रणमा लिइएको थियो भने १० बजेसम्ममा पूर्ण रूपमा निभाइएको थियो । उद्धार तथा खोजी कार्य राति ११ बजेर ४२ मिनेटमा सम्पन्न भएको जनाइएको छ ।

घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पाकिस्तानमा १५ लाख बालबालिका अनलाइन यौन शोषणको जोखिममा

इस्लामावाद, ५ असोज (एएफपी) । पाकिस्तानमा वार्षिक करिब १५ लाख बालबालिका अनलाइन यौन दुर्व्यवहारको सिकार हुने गरेको संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) को प्रतिवेदनले देखाएको छ । सामाजिक कलङ्क, लाज तथा परिवार र समाजको प्रतिक्रियाको डरले अधिकांश पीडितले आफूले भोगेको घटना कसैलाई बताउने गरेका छैनन् ।

सुरक्षाका कारण नाम परिवर्तन गरिएकी १७ वर्षीया जारा शाह पनि अनलाइन गेम खेल्ने क्रममा एक अपरिचित व्यक्तिको सम्पर्कमा पुगेर यौन दुर्व्यवहारको प्रयासमा पर्नुभयो । उहाँका अनुसार ती व्यक्तिले मित्रवत् व्यवहार गर्दै विश्वास जितेपछि भेट्न बोलाउनुका साथै नग्न तस्बिर मागेका थिए । अस्वीकार गरेपछि परिवारलाई उनीहरूबिचको कुराकानी सार्वजनिक गरिदिने धम्की दिइएको उहाँले बताउनुभयो ।

युनिसेफका अनुसार पीडितमध्ये करिब ८५ प्रतिशतका अपराधी परिचित व्यक्ति हुने गरेका छन् । अपराधीले अनलाइन गेम, मित्रवत् कुराकानी, उपहार, पैसा वा प्रेमको आश्वासनमार्फत बालबालिकाको विश्वास जित्ने गरेको प्रतिवेदनमा उल्लेख छ । करिब ७१ प्रतिशत पीडितले घटना कसैलाई नबताउने गरेका छन् भने सर्वेक्षणमा सहभागी कसैले पनि प्रहरी, हेल्पलाइन वा सामाजिक कार्यकर्तामार्फत औपचारिक उजुरी गरेका थिएनन् ।

बाल अधिकार संस्था पहचानकी निर्देशक मेहक नइमका अनुसार रिपोर्ट भएका घटनामध्ये करिब ४४ प्रतिशत पूर्णरूपमा अनलाइन हुने गरेका छन् र स्न्यापच्याट तथा ह्वाट्सएप बढी प्रयोग हुने माध्यममध्ये पर्छन् । पाकिस्तानमा १२ देखि १७ वर्ष उमेर समूहका करिब ७४ प्रतिशत बालबालिका इन्टरनेट प्रयोग गर्ने भएकाले अनलाइन सुरक्षा थप चुनौतीपूर्ण बनेको छ ।

यसैबिच, पञ्जाब सरकारले १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने प्रस्ताव अघि सारेको छ । डिजिटल अधिकार अभियन्ता उसामा खिलजीले यस्तो प्रतिबन्ध कार्यान्वयन गर्न कठिन हुने तथा यसले बालबालिकाको अभिव्यक्ति स्वतन्त्रतामा असर पार्न सक्ने बताउनुभएको छ ।

बालबालिकाविरुद्ध प्रविधिको दुरुपयोग रोक्न पाकिस्तानमा कानुनी व्यवस्था भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको मुस्लिम ह्यान्ड्सकी प्रवक्ता ताहिरा अफ्रासियाबले बताउनुभयो । मानव अधिकारसम्बन्धी कानुन व्यवसायी सलमान अफ्रिदीले आर्थिक कमजोरीको फाइदा उठाउँदै बालबालिकालाई यौन शोषणमा पार्ने क्रममा प्रविधिबाट विश्वास जित्ने, प्रलोभन दिने, धम्क्याउने तथा सामग्री उत्पादन र वितरण गर्नेसम्मका गतिविधि भइरहेको बताउनुभयो ।

अनलाइन गेमबाट सुरु भएको आफ्नो अनुभवले अफै डरमा बाँच्न बाध्य बनाएको शाहले बताउनुभयो । "म डराएकी थिएँ र अहिले पनि डराएकी छु", उहाँले भन्नुभयो ।

# मधुमेह (Diabetes Mellitus) : कारण, लक्षण, रोकथाम र उपचार

✍ योजना दुमरु

**परिचय**

मधुमेह अर्थात् Diabetes Mellitus शरीरमा रगतमा ग्लुकोज (चिनी) को मात्रा सामान्यभन्दा बढी हुने दीर्घकालीन रोग हो। शरीरले पर्याप्त मात्रामा इन्सुलिन उत्पादन गर्न नसक्दा वा उत्पादन भएको इन्सुलिनलाई शरीरका कोषिकाले प्रभावकारी रूपमा प्रयोग गर्न नसक्दा रगतमा ग्लुकोजको मात्रा बढ्छ। मधुमेह समयमै पहिचान गरी उचित व्यवस्थापन गर्न सकेमा यसबाट हुने जटिलताहरूलाई कम गर्न सकिन्छ।

**सामान्य र मधुमेहमा रगतमा चिनीको मात्रा**

रगतमा ग्लुकोज (चिनी) को मात्रा परीक्षण गर्ने समयअनुसार फरक हुन्छ। सामान्यतया खाली पेटमा ७०-९९ mg/dL रगतमा चिनीको मात्रा सामान्य मानिन्छ। खाली पेटमा १२६ mg/dL वा सोभन्दा बढी भएमा मधुमेहको सङ्केत मानिन्छ। खाना खाएको २ घण्टापछि १४० mg/dL भन्दा कम सामान्य मानिन्छ भने २०० mg/dL वा सोभन्दा बढी भएमा मधुमेहको सङ्केत हुनसक्छ। मधुमेहको निदान चिकित्सकको सल्लाहमा आवश्यक परीक्षणका आधारमा गरिन्छ।

| परीक्षण | सामान्य स्तर | मधुमेहको सङ्केत |
|---|---|---|
| खाली पेटको रक्तचिनी (FBS) | ७०-९९ mg/dL | ≥१२६ mg/dL |
| खाना/ग्लुकोज खाएको २ घण्टापछि | <१४० mg/dL | ≥ २०० mg/dL |
| HbA1c | < ५.७% | ≥६.५% |

**मधुमेहका प्रमुख प्रकारहरू**

मधुमेह (Diabetes Mellitus) विभिन्न प्रकारका हुन्छन्। प्रमुख प्रकारहरू निम्न छन् :

**१. टाइप-१ मधुमेह :**

यस अवस्थामा शरीरको प्रतिरक्षा प्रणालीले इन्सुलिन उत्पादन गर्ने अग्न्याशयका कोषिकालाई नष्ट गर्छ। त्यसैले, शरीरमा इन्सुलिनको कमी हुन्छ र नियमित रूपमा इन्सुलिन आवश्यक पर्न सक्छ।

**२. टाइप-२ मधुमेह :**

यो सबैभन्दा सामान्य प्रकार हो। यसमा शरीरले इन्सुलिनलाई प्रभावकारी रूपमा प्रयोग गर्न नसक्ने (इन्सुलिन प्रतिरोध) वा आवश्यक मात्रामा इन्सुलिन उत्पादन गर्न नसक्ने अवस्था हुन्छ। अस्वस्थ खानपान, शारीरिक गतिविधिको कमी, बढी तौल र पारिवारिक इतिहासले यसको जोखिम बढाउन सक्छ।

**३. गर्भावस्थामा हुने मधुमेह (Gestational Diabetes) :**

गर्भावस्थाका क्रममा पहिलोपटक देखिने उच्च रक्तचिनीको अवस्थालाई गर्भावस्थाको मधुमेह भनिन्छ। यसलाई समयमै पहिचान र व्यवस्थापन गर्नु आमा र शिशु दुवैका लागि महत्वपूर्ण हुन्छ।

**४. अन्य कारणबाट हुने मधुमेह :**

केही अन्य रोग, अग्न्याशयसम्बन्धी समस्या वा निश्चित औषधिको प्रभावका कारण पनि मधुमेह हुन सक्छ। यसको उपचार र व्यवस्थापन मूल कारणअनुसार फरक हुन्छ।

**मधुमेह हुने प्रमुख कारणहरू**

● **इन्सुलिनको कमी :** शरीरले पर्याप्त मात्रामा इन्सुलिन उत्पादन गर्न नसक्नु।
● **इन्सुलिन प्रतिरोध :** शरीरका कोषिकाले इन्सुलिनलाई प्रभावकारी रूपमा प्रयोग गर्न नसक्नु।
● **वंशाणुगत कारण :** परिवारका सदस्यमा मधुमेह भएमा जोखिम बढ्न सक्छ।
● **अस्वस्थ खानपान :** अत्यधिक चिनी, प्रशोधित तथा बढी क्यालोरीयुक्त खानेकुराको सेवन।
● **शारीरिक गतिविधिको कमी :** नियमित व्यायाम वा शारीरिक गतिविधि नगर्नु।
● **बढी तौल वा मोटोपना :** विशेषगरी टाइप-२ मधुमेहको जोखिम बढाउन सक्छ।
● **उमेर :** उमेर बढ्दै जाँदा विशेषगरी टाइप-२ मधुमेहको जोखिम बढ्न सक्छ।
● **गर्भावस्था :** केही महिलामा गर्भावस्थाका क्रममा मधुमेह देखिन सक्छ।
● **केही रोग वा औषधि :** अग्न्याशयसम्बन्धी रोग तथा केही औषधिको प्रयोगले पनि केही अवस्थामा मधुमेह हुन सक्छ।

**जोखिमका कारकहरू (Risk Factors)**

मधुमेह हुने जोखिम बढाउने प्रमुख कारकहरू :
- परिवारमा मधुमेहको इतिहास हुनु।
- बढी तौल वा मोटोपना।
- शारीरिक गतिविधि कम हुनु।
- अस्वस्थ तथा असन्तुलित खानपान।
- उच्च रक्तचाप वा असामान्य कोलेस्ट्रोलको समस्या।
- उमेर बढ्दै जानु।
- पहिले गर्भावस्थामा मधुमेह भएको इतिहास।

**मुख्य लक्षण तथा सङ्केतहरू**

मधुमेह भएका व्यक्तिमा निम्न लक्षण देखिन सक्छन् :
- धेरै तिर्खा लाग्नु।
- बारम्बार पिसाब लाग्नु।
- धेरै भोक लाग्नु।
- असामान्य रूपमा थकान महसुस हुनु।
- बिनाकारण तौल घट्नु।
- दृष्टि धमिलो हुनु।
- घाउ ढिलो निको हुनु।
- छालामा बारम्बार सङ्क्रमण हुनु।
- हातखुट्टामा झमझम वा संवेदना कम हुनु।

**मधुमेहको रोकथाम तथा व्यवस्थापन**

मधुमेह (Diabetes Mellitus) लाई समयमै पहिचान गरी स्वस्थ जीवनशैली अपनाउन सकेमा यसको जोखिम कम गर्न तथा रोगलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सकिन्छ। विशेष गरी टाइप-२ मधुमेहको रोकथाममा स्वस्थ जीवनशैलीको महत्वपूर्ण भूमिका हुन्छ।

**मधुमेह नियन्त्रणका पाँच मुख्य आधार**

मधुमेह (Diabetes Mellitus) दीर्घकालीन स्वास्थ्य समस्या भएकोले यसको प्रभावकारी व्यवस्थापनका लागि नियमित र निरन्तर हेरचाह आवश्यक हुन्छ। मधुमेह नियन्त्रणमा आहार, नियमित व्यायाम, तनाव व्यवस्थापन, औषधिको निरन्तर प्रयोग र नियमित स्वास्थ्य परीक्षण (Follow-up) ले महत्वपूर्ण भूमिका खेल्छन्।

**१. सन्तुलित आहार (Diet)**

मधुमेह नियन्त्रणका लागि सन्तुलित आहार अत्यन्त महत्वपूर्ण हुन्छ। खानाको मात्रा, समय र प्रकारमा ध्यान दिनुपर्छ। हरियो सागसब्जी, दाल, गेडागुडी, साबुत अन्न तथा आवश्यक मात्रामा प्रोटिनयुक्त खाना समावेश गर्नुपर्छ। अत्यधिक चिनी, मिठाइ, गुलियो पेय पदार्थ तथा धेरै प्रशोधित खानेकुरा कम गर्नुपर्छ।

एकैपटक धेरै खाना खानुभन्दा चिकित्सक वा पोषणविद्को सल्लाहअनुसार उचित मात्रा र नियमित समयमा खाना खानु उपयोगी हुन्छ। व्यक्तिगत आवश्यकता फरक हुने भएकाले मधुमेह भएका व्यक्तिले आफ्नो स्वास्थ्य अवस्था र औषधिअनुसार आहार योजना बनाउन स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ।

मधुमेह (DM) भएका व्यक्तिका लागि नेपाली खानालाई आधार बनाएर ५-६ पटक सानो-सानो मात्रामा खाने नमुना Diet table यसरी बनाउन सकिन्छ। यो Newspaper article मा पनि राख्न मिल्ने सरल ढाँचामा छ।

| समय | खानाको प्रकार | उदाहरण |
|---|---|---|
| बिहान ६-७ बजे | बिहान उठेपछि | १ गिलास मनतातो पानी |
| बिहान ७-८ बजे | बिहानको खाना | १-२ वटा सानो रोटी/थोरै भात+तरकारी+दाल |
| बिहान १०-११ बजे | हल्का खाजा | १ वटा सानो फल (स्याउ/अमरुद/सुन्तला) |
| दिउँसो १-२ बजे | दिउँसोको खाजा | भुटेको चना/गेडागुडी वा थोरै बदाम+सलाद |
| बेलुका ४-५ बजे | हल्का खाजा | केही भुटेको चना+बिनाचिनीको चिया |
| बेलुका ७-८ बजे | बेलुकाको खाना | १-२ रोटी/थोरै भात+दाल+तरकारी+सलाद |
| सुत्नुअघि | आवश्यक भएमा | चिकित्सक/पोषणविद्को सल्लाहअनुसार हल्का खाजा |

**ध्यान दिनुपर्ने कुराहरू**

● खाना ५-६ पटकमा सानो-सानो मात्रामा खान सकिन्छ; तर सबैलाई एउटै Meal schedule आवश्यक हुँदैन।
● सेतो चामलको मात्रा नियन्त्रण गरी दाल, सागसब्जी, गेडागुडी र साबुत अन्न समावेश गर्नु राम्रो हुन्छ।
● मिठाइ, चिनी, गुलियो पेय पदार्थ र अत्यधिक प्रशोधित खानेकुरा कम गर्नुपर्छ।
● फलफूल पूरै फलका रूपमा खानु राम्रो हुन्छ; फलको रसमा थपिएको चिनीबाट बच्नुपर्छ।
● खाना र औषधिको समय चिकित्सकको सल्लाहअनुसार मिलाउनुपर्छ, विशेष गरी इन्सुलिन वा केही रक्तचिनी घटाउने औषधि प्रयोग गर्ने व्यक्तिले।

**२. नियमित व्यायाम तथा शारीरिक गतिविधि (Regular Exercise)**

● नियमित शारीरिक गतिविधिले शरीरलाई इन्सुलिन प्रभावकारी रूपमा प्रयोग गर्न मद्दत गर्छ र रक्तचिनी नियन्त्रणमा सहयोग पुऱ्याउँछ। हिँडडुल, साइकल चलाउने, पौडी खेल्ने वा आफ्नो स्वास्थ्य अवस्थाअनुसार अन्य मध्यमस्तरका शारीरिक गतिविधि गर्न सकिन्छ।
● व्यायाम सुरु गर्नुअघि आफ्नो स्वास्थ्य अवस्था र क्षमताअनुसार उपयुक्त गतिविधि छनोट गर्नु राम्रो हुन्छ। लामो समयसम्म लगातार बसिरहनुभन्दा बिच-बिचमा उठेर हिँडडुल गर्ने बानी पनि उपयोगी हुन्छ।

**मधुमेह नियन्त्रणमा छिटो हिँडाइको महत्व**

छिटो हिँडाइ (Brisk Walking) मधुमेह भएका व्यक्तिका लागि सरल, सुरक्षित र सहज रूपमा गर्न सकिने शारीरिक गतिविधिमध्ये एक हो। नियमित रूपमा छिटो हिँड्दा शरीरका मांसपेशी सक्रिय हुन्छन् र शरीरले इन्सुलिनलाई प्रभावकारी रूपमा प्रयोग गर्न सहयोग पुग्छ। यसले रक्तचिनी नियन्त्रणमा सहयोग गर्नुका साथै मुटु तथा रक्तनलीको स्वास्थ्यका लागि पनि फाइदाजनक हुनसक्छ।

**कति समय हिँड्ने ?**

मधुमेह भएका धेरै वयस्कका लागि लक्ष्यका रूपमा हप्तामा कम्तीमा १५० मिनेट मध्यम तीव्रताको शारीरिक गतिविधि उपयोगी मानिन्छ। यसलाई उदाहरणका लागि हप्तामा ५ दिन, दिनमा करिब ३० मिनेट मा विभाजन गर्न सकिन्छ। सुरुमा लामो समय हिँड्न कठिन भएमा छोटो समयबाट सुरु गरी बिस्तारै अवधि बढाउन सकिन्छ।

**छिटो हिँडाइ (Brisk Walking) गर्ने सही तरिका**

मधुमेह भएका व्यक्तिका लागि नियमित शारीरिक गतिविधि महत्वपूर्ण हुन्छ। त्यसमध्ये छिटो हिँडाइ (Brisk Walking) सरल र सहज व्यायामको रूपमा गर्न सकिन्छ। छिटो हिँडाइ भन्नाले सुरुमा शरीरलाई बिस्तारै सक्रिय गराउँदै, त्यसपछि केही समय छिटो गतिमा निरन्तर हिँड्ने र अन्त्यमा फेरि गति घटाउँदै सामान्य रूपमा हिँड्ने अभ्यासलाई बुझिन्छ।

छिटो हिँडाइ गर्दा बिचमा अनावश्यक रूपमा रोकिएर आराम नगरी, आफ्नो क्षमताअनुसार निरन्तर हिँड्ने प्रयास गर्न सकिन्छ। यसको सामान्य तरिका यसप्रकार छ :

**१. सुरुवात - ५ देखि १० मिनेट :**

हिँडाइ सुरु गर्दा सुरुका ५-१० मिनेट बिस्तारै वा सामान्य गतिमा हिँड्नुपर्छ। यसले शरीरलाई व्यायामका लागि तयार हुन मद्दत गर्छ।

**२. मुख्य चरण - १५ देखि २० मिनेट :**

त्यसपछि करिब १५-२० मिनेट केही छिटो गतिमा हिँड्नुपर्छ। यस समयमा श्वासप्रश्वास र मुटुको धड्कन सामान्यभन्दा केही बढ्न सक्छ। तर, आफूलाई अत्यधिक थकान वा असहजता हुने गरी हिँड्नु हुँदैन।

**३. अन्तिम चरण - ५ देखि १० मिनेट :**

हिँडाइ पूरा गर्नुअघि फेरि गति बिस्तारै घटाउँदै ५-१० मिनेट सामान्य वा ढिलो गतिमा हिँड्नुपर्छ। यसले शरीरलाई बिस्तारै सामान्य अवस्थामा फर्किन मद्दत गर्छ।

यसरी 'बिस्तारै सुरु गर्ने -> केही समय छिटो हिँड्ने -> फेरि बिस्तारै हिँड्ने' प्रक्रियालाई छिटो हिँडाइ (Brisk Walking) को सरल अभ्यासका रूपमा अपनाउन सकिन्छ।

**सावधानी :** आफ्नो स्वास्थ्य अवस्था र शारीरिक क्षमताअनुसार हिँड्ने गति र अवधि निर्धारण गर्नुपर्छ। चक्कर, अत्यधिक कमजोरी, छाती दुख्ने वा असहज महसुस भएमा हिँडाइ रोक्नुपर्छ र आवश्यक परे स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ।

**३. तनाव व्यवस्थापन (Stress Management)**

अत्यधिक तनावले स्वास्थ्य तथा रक्तचिनी नियन्त्रणमा असर पार्न सक्छ। त्यसैले, मधुमेह भएका व्यक्तिले तनाव व्यवस्थापनमा ध्यान दिनुपर्छ। पर्याप्त निद्रा, आराम, नियमित शारीरिक गतिविधि, गहिरो सास फेर्ने अभ्यास, ध्यान तथा आफूलाई मन पर्ने स्वस्थ गतिविधिमा समय दिनु तनाव कम गर्न सहयोगी हुनसक्छ।

परिवार तथा साथीभाइसँग कुराकानी गर्ने र आवश्यक पर्दा स्वास्थ्यकर्मीबाट सहयोग लिने बानीले पनि मानसिक तथा सामाजिक स्वास्थ्यलाई सहयोग पुऱ्याउँछ।

**४. औषधिको निरन्तर प्रयोग (Continue Medication)**

मधुमेह नियन्त्रणका लागि चिकित्सकले तोकेको औषधि वा इन्सुलिन निर्धारित मात्रा र समयमा प्रयोग गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ। रक्तचिनी सामान्य देखिए पनि चिकित्सकको सल्लाहबिना औषधि बन्द गर्नु हुँदैन।

औषधिको मात्रा आफैँ परिवर्तन गर्ने वा अरू व्यक्तिको औषधि प्रयोग गर्नु हुँदैन। औषधिबाट कुनै असहजता वा समस्या देखिएमा औषधि आफैँ बन्द गर्नुको सट्टा स्वास्थ्यकर्मीसँग परामर्श गर्नुपर्छ।

**५. नियमित स्वास्थ्य परीक्षण तथा Follow-up**

मधुमेह भएका व्यक्तिले नियमित रूपमा स्वास्थ्य संस्थामा Follow-up गर्नुपर्छ। नियमित परीक्षणबाट रक्तचिनी नियन्त्रणको अवस्था थाहा पाउन तथा सम्भावित जटिलता समयमै पहिचान गर्न मद्दत हुन्छ। स्वास्थ्यकर्मीको सल्लाहअनुसार रक्तचिनी तथा HbA1c, रक्तचाप र कोलेस्ट्रोलको जाँच गर्न सकिन्छ। आवश्यकताअनुसार आँखा, मिर्गौला, खुट्टा तथा अन्य अङ्गको स्वास्थ्य पनि परीक्षण गराउनुपर्छ।

**मधुमेहमा रक्तचिनी कम हुँदा अपनाउनुपर्ने सावधानी**

मधुमेह नियन्त्रणका क्रममा कहिलेकाहीँ रक्तचिनीको मात्रा अत्यधिक कम (Hypoglycemia) हुनसक्छ। विशेष गरी इन्सुलिन वा रक्तचिनी कम गर्ने केही औषधि प्रयोग गर्ने व्यक्तिमा यस्तो अवस्था देखिन सक्छ। रक्तचिनी कम हुँदा अचानक पसिना आउनु, हातखुट्टा काँप्नु, कमजोरी महसुस हुनु, चक्कर लाग्नु, अत्यधिक भोक लाग्नु, मुटु छिटो धड्किनु, भ्रमित हुनु वा बेहोसजस्तो महसुस हुनुजस्ता लक्षण देखिन सक्छन्।

यस्ता लक्षण देखिएमा सम्भव भए तुरुन्त रक्तचिनी जाँच गर्नुपर्छ। व्यक्ति सचेत अवस्थामा छ र निल्न सक्छ भने छिटो अवशोषित हुने चिनीको स्रोत, जस्तै ग्लुकोज ट्याब्लेट, ग्लुकोज भएको पेय वा फलफूलको रस लिन सकिन्छ। सामान्यतया करिब १५ ग्राम छिटो असर गर्ने कार्बोहाइड्रेट लिएर १५ मिनेटपछि रक्तचिनी पुनः जाँच गर्न सकिन्छ। रक्तचिनी अझै कम भएमा स्वास्थ्यकर्मीको सल्लाहअनुसार प्रक्रिया दोहोऱ्याउन सकिन्छ।

मधुमेह भएका व्यक्तिले आपत्‌कालीन अवस्थामा प्रयोग गर्नका लागि ग्लुकोज ट्याब्लेट वा अन्य उपयुक्त चिनीको स्रोत साथमा राख्नु उपयोगी हुन्छ चक्लेटमा बोसो हुने भएकाले रक्तचिनी बढाउन यसको असर ग्लुकोजभन्दा ढिलो हुन सक्छ, त्यसैले Hypoglycemia को तत्काल उपचारका लागि ग्लुकोज वा छिटो अवशोषित हुने चिनीको स्रोत बढी उपयुक्त हुन्छ।

यदि बिरामी बेहोस छ, निल्न सक्दैन, अत्यधिक भ्रमित छ वा अवस्था सुधार हुँदैन भने मुखबाट खाना, पानी वा चिनी नदिनुहोस्। तुरुन्त आकस्मिक चिकित्सा सहायता लिनुपर्छ वा नजिकको अस्पताल/स्वास्थ्य संस्थामा पुऱ्याउनुपर्छ।

**निष्कर्ष**

मधुमेह नियन्त्रण औषधि सेवनमा मात्र निर्भर हुँदैन। सन्तुलित आहार, नियमित शारीरिक गतिविधि, तनाव व्यवस्थापन, औषधिको निरन्तर प्रयोग र नियमित Follow-up लाई दैनिक जीवनको हिस्सा बनाउन सकेमा मधुमेहलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सकिन्छ।

"मधुमेहलाई डर होइन, नियमित हेरचाह र अनुशासनले नियन्त्रण गरौं।"

*(लेखिका भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहु-प्राविधिक अध्ययन संस्थानमा नर्सिङ विभागमा उप-प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ।)*

**माओ...**

२५ सेप्टेम्बर १९६४ को दिन माओ त्सेतुङले केन्द्रीय समितिको एक जिम्मेवार साथीद्वारा खेस्रा गरिएको एक कागतपत्रमा एक साह्रै महत्त्वपूर्ण टिपोट लेख्नुभयो - हाम्रा कार्यकर्ताहरूमध्ये साह्रै कम आफूहरूलाई नै ठीक छन् भन्न सम्झन्छन्। यसको कारण के हो भने तिनीहरू मार्क्सवादी सिद्धान्तको ज्ञानलाई बुझ्दैनन्। यसकारण, मार्क्सवादी सिद्धान्तको ज्ञानलाई धैर्यपूर्वक प्रचार गर्न आवश्यक छ। यसलाई सजिलोसित भन्ने हो भने, यसको अर्थ हो जनसमुदायहरूबाट जनसमुदायहरूमा। तल जान र एक खास ठाउँमा एक लामो समयसम्म बस्न तिमीहरूले आफ्नो मनलाई बलियो पार र तिमीहरूले जनसमुदायका आवाजहरूलाई सुन्न सक्ने छौ, व्यवहारबाट वास्तविक सत्यलाई बिस्तारै बुझ्ने छौ, त्यसलाई मानसिक सत्य बनाऊ र तब यसले काम गर्छ कि गर्दैन भनेर हेर्न फेरि व्यवहारमा लैजाऊ। भएन भने फेरि एकचोटि व्यवहारमा जनसमुदायसँग गएर छलफल गर्नुपर्ने हुन्छ। यस प्रकार बनिबनाउ कुराहरूको समस्या अथवा कोरा सिद्धान्तवादको समस्यालाई सुल्झाउन सकिने छ र अनि अन्धविश्वास रहनेछन्। यसरी काम गरिएन भने जति उँचो ओहदाको हाकिम हुन्छ उतिउति कम सच्चाइ हुन्छ। यही कुरो माथिल्ला हाकिमहरूलाई लागू हुन्छ र तल्लो हाकिमहरूलाई पनि यही कुरा लागू हुन्छ।

त्यसको लगत्तैपछि १८ अक्टोबर १९६४ को दिन अध्यक्ष माओ त्सेतुङले त्यस टिपोटमा अर्को हरफ थप्नुभयो - भौतिक सत्यलाई जान्नु भन्नुको हाम्रो अर्थ हो व्यवहारले मानिसको वस्तु र बाहिरी भौतिक संसारको सारलाई प्रतिबिम्बित पार्नु, जो पछि क्रमिक र ठुलठुला परिवर्तनबाट त्यो मानसिक सत्य हुन्छ र जसलाई अझै जाँच्नु बाँकी नै हुन्छ। यदि हामीले त्यस मानसिक सत्यमा भएको क्रमिक हेरेफेरहरूमा वास्तविक भौतिक सच्चाइ (अर्थात् नियम) प्रतिबिम्बित भएको छ वा छैन भनेर जान्न चाहन्छौं भने हामी फेरि व्यवहारमा गएर यसले काम गर्छ वा गर्दैन भनेर हेर्नु आवश्यक छ।

अध्यक्ष माओ त्सेतुङको टिपोटले एकचोटि फेरि बडो धैर्यपूर्वक मार्क्सवादी सिद्धान्तको ज्ञानलाई प्रचार गर्नु आवश्यक छ भनेर जोड दिनुभयो। यसले एकचोटि फेरि जनसमुदायबाट आउने, जनसमुदायमा जाने र व्यवहारबाट सत्यलाई जान्ने र व्यवहारबाटै सत्यलाई जाँच्ने सिद्धान्त बुझ्न सजिलो बाटोलाई व्याख्या गऱ्यो। यसले हाम्रा केही साथीहरूमा भएको 'बनाइएका नियमहरू', 'कोरा सिद्धान्तहरू' र 'अन्धविश्वास' लाई हटाउने आवश्यकतालाई अगाडि बढायो। सूक्ष्म परीक्षणबाट के देखाउँछ भने मार्क्सवादी सिद्धान्तको ज्ञानबाट टाढा गएपछि उँचो दर्जाका हाकिमहरू कम सच्चाइमा हुन्छन्।

दस वर्षमा लिन प्याओ र चार जनाको गुटले ठूलो आतङ्क मच्चाउँदा अध्यक्ष माओ त्सेतुङले हर्काउनुभएको र लामो समयको सङ्घर्षबाट बनाएको हाम्रो पाटीका परम्पराहरू, तथ्यबाट सच्चाइ खोज्ने र जन नीतिको परम्परालाई जथाभावी कुल्चिदिए। त्यसको परिणाम अनियन्त्रित आदर्शवाद र अध्यात्मवाद थियो, पार्टीलाई कहिले नभएको जस्तो नोक्सान भयो र देश र जनताले ठूलो आपत्ति भोग्नुपऱ्यो। यो हो - हामीले कहिले बिर्सन नहुने कष्टपूर्ण शिक्षा।

*पेइचिङ रिभ्यू*
*२ नं. जनवरी १४, १९८०*

***संविधान...***

शताब्दीका सचेत नागरिक हुनुपर्ने बताउनुभयो । उहाँले वागीश्वरी मावि, वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टका शिक्षक, कर्मचारी र विद्यार्थीहरूबाट रसुवाको बाढी प्रभावितका लागि करिब १२ लाख सहयोग गरेको जानकारी दिनुभयो ।

कानुन विषयका शिक्षक राजन लाखा, कक्षा १२ का कानुन समूहका विद्यार्थीहरू सजिना वि.क., उमेश रोकाय, निशा पाण्डे, कक्षा ११ का बन्दना शाहीलगायतले नेपालको संविधान २०७२ को कार्यान्वयनको पक्षबारे बोल्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म २०६०/०५/१६

स्वर्गारोहण २०८३/०५/२४

ख्वप कलेजमा व्यवस्थापन सङ्कायअन्तर्गत बीबीएम आठौं सेमेस्टर (२०७९/८० भर्ना समूह) मा अध्ययनरत विद्यार्थी **कृषा राजभण्डारी**को असामयिक निधन भएकोमा ख्वप कलेज परिवार दुःख व्यक्त गर्दै दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**ख्वप कलेज परिवार**

देकोचा-६, भक्तपुर


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## कर छुटको उपयोग गर्ने सम्बन्धमा

भक्तपुर नगरपालिकाको बिसौं नगरसभाबाट पारित तपसिलको करछुटको उपयोग गरी समयमै कर बुझाउन हुन सम्बन्धित सबैमा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

क) भक्तपुर नगरपालिकामा बुझाउनुपर्ने आ.व. २०८३।०८४ को सम्पत्ति(घर जग्गा) तथा भूमिकर (मालपोत) र व्यवसाय कर २०८३ असोज मसान्तभित्र बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट प्रदान गरिएको ।

ख) सम्पत्ति करअन्तर्गत टहराको मूल्याङ्कन गर्दा टहराले चर्चेको जग्गाको मूल्याङ्कनमा ७५ प्रतिशत छुट प्रदान गरिएको ।

ग) बहाल करअन्तर्गत आवासीय प्रयोजनको लागि बहालमा दिइएको घरको हकमा ५० प्रतिशत छुट गरी ५ प्रतिशत मात्र घर बहाल कर लाग्ने र बहाल करको बक्यौतामा जरिवाना छुट गरिएको ।

घ) २०८३ साउन १ गतेदेखि दरबारक्षेत्रलगायतका सम्पदास्थलमा स्थानीय नगरवासीको वैवाहिक, व्रतबन्ध, बेलविवाहजस्ता सामाजिक कार्यक्रमको फोटो खिच्दा शुल्क नलाग्ने निर्णय भएको ।


**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

## ३२औं वार्षिक साधारणसभामा उपस्थिति हुनेसम्बन्धी सूचना

यस संस्थाको **३२औं वार्षिक साधारणसभा कार्यक्रम** देहायका विषयहरूमा छलफल तथा निर्णयहरू गर्न **मिति २०८३/६/१७ गते, शनिबार दिउँसो १:०० बजे महेश्वरी बैङ्क्वेट, थुसाँचामा आयोजना गरिने** हुँदा सभामा उपस्थित हुन सम्बन्धित सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत हुने विषयहरू :**

१. आ.व.२०८२/०८३ को प्रगति विवरण र आ.व. २०८३/०८४ को प्रस्तावित कार्यक्रम ।
२. आ.व.२०८२/०८३ को आयव्यय विवरण र आ.व. २०८३/०८४ को अनुमानित बजेट ।
३. आ.व.२०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
४. आ.व.२०८२/०८३ को लेखा परीक्षकको प्रतिवेदन तथा आ.व.२०८३/०८४ का लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।
५. शेयर लाभांश सम्बन्धमा ।
६. संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
७. आन्तरिक नीति र कार्यविधि सम्बन्धमा ।
८. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको चयन ।
९. साधारणसभाको माइन्युट प्रमाणीकरण

***नोट:***

**१.** मिति २०८३/०६/१६ गते, शुक्रबार बिहान ०७:०० बजेदेखि ५:०० बजेसम्म सिद्धि गणेश सहकारी भवन, चोर्चा (**सदस्य नं. १ देखि ८००० सम्मका सदस्यहरू**) र सिद्धि गणेश तालिम हल, खँचामा (**सदस्य नं.८००१ देखि माथिका सदस्यहरू**) उपस्थिति तथा सुझाव पुस्तिका खुला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**२.** मिति २०८३/०६/१७ गते, शनिबार बिहान ७:०० बजेदेखि दिनको ५:०० बजेसम्म (महेश्वरी बैङ्क्वेट) सभा स्थलमा उपस्थिति खुला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**३.** संस्थामा मिति २०८३/६/१५ गतेसम्म सदस्य भएका उपस्थित हरेक साधारण सदस्यलाई खाजा खर्च बापत रू.४७१।-(करकट्टी पछि रू.४००) प्रदान गर्ने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**सञ्चालक समिति**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५

Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भ.न.पा.-२

## गुन्हीपुन्ही सापारू पर्व - २०८३ को पुरस्कार रकम तथा पुरस्कार वितरणसम्बन्धी सूचना

२०८३ सालको गुन्हीपुन्ही सापारू पर्वमा प्रस्तुत गरिएका घिंताङघिसी, माक प्याखँ, परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूको मूल्याङ्कन गरी उत्कृष्ट समूह र कलाकारहरूलाई करबाहेक देहायबमोजिम नगद पुरस्कार व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| सांस्कृतिक विधा | नगर पुरस्कार | | | |
|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | सान्त्वना / सहभागी |
| देवी प्याखं | ४०,०००।- | ३५,०००।- | ३०,०००।- | २०,०००।- |
| भैल प्याखं | | | | |
| माक प्याखं | २३,०००।- | १७,०००।- | १३,०००।- | ९,०००।- |
| गाईचा प्याखं | | | | |
| लुसी प्याखं | | | | |
| फाकंदली प्याखं/हुला प्याखं | | | | |
| नागाचा प्याखं | १७,०००।- | १४,०००।- | १०,०००।- | ७,०००।- |
| लाखे प्याखं | | | | |
| मधु प्याखं | | | | |
| कलाँली प्याखं | | | | |
| भालु प्याखं | | | | |
| जङ्गली प्याखं | | | | |
| नाटक/गीति नाटक | २२,०००।- | १७,०००।- | १३,०००।- | ११,०००।- |
| ख्याल | | | | |
| खिचा प्याखं | १३,०००।- | ११,०००।- | ९,०००।- | ६,०००।- |
| ख्या प्याखं | | | | |
| कवांचा प्याखं | | | | |
| विशेष पुरस्कार (एउटै मात्र प्रदर्शन भएमा (द्वितीय पुरस्कार सरह) | | | | |
| घिंताङघिसी | २२,०००।- | १७,०००।- | १२,०००।- | १०,०००।- (३ वटा सान्त्वना) |
| झ्याउरे प्याखं/साँयु सामिचा/ध्या चु प्याखं/लाहुरे | ११,०००।- | ९,०००।- | ७,०००।- | सान्त्वना/सहभागी रू. ५,०००।- |
| हनुमान प्याखं | १३,०००।- | ११,०००।- | - | |
| म्हेखा प्याखं | | | | |
| किजापुजा प्याखं | | | | |
| कपाय् फेनेगु प्याखं | | | | |
| सलां प्याखं | | | | |
| डा प्याखं | | | | |
| गरुड प्याखं | | | | |
| दैत्य प्याखं | | | | |
| झ्या झ्या प्याखं/भौ मैचा प्याखँ | | | | |
| शेर प्याखं/सिंह प्याखं/धुं प्याखँ, पहलमान प्याखँ | | | | |
| म्ये प्याखँ | | | | |

| घिंताङघिसी, आधुनिक तथा परम्परागत विधामा उत्कृष्ट कलाकार रू. ५,०००।- | |
|---|---|
| महिला उत्कृष्ट कलाकार | ५,०००।- |
| पुरूष उत्कृष्ट कलाकार | ५,०००।- |
| बाल उत्कृष्ट कलाकार | ५,०००।- |
| आधुनिक विधातर्फ उत्कृष्ट निर्देशक | ५,०००।- |
| ऐ. ऐ. उत्कृष्ट लेखक | ५,०००।- |
| घिंताङघिसीतर्फ उत्कृष्ट पुरस्कार : तुल्सीभक्त कोजु, भनपा- २ | ५,०००।- |

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छें (रोहित) ज्यूको प्रमुख आतिथ्यमा विश्व पर्यटन दिवस-२०८३ को अवसरमा गुन्हीपुन्ही सापारू-२०८३ मा प्रदर्शन गरिएका घिंताङघिसी, माक प्याखं, परम्परागत एवम् आधुनिक विधाका पुरस्कृत सांस्कृतिक टोली र उत्कृष्ट कलाकारहरूलाई पुरस्कार वितरण, सांस्कृतिक गुरूहरूलाई सम्मान, 'चिनियाँ मित्रहरू भक्तपुरमा' पुस्तक सार्वजनिकीकरण तथा पर्यटन सम्बद्ध सङ्घ, संस्था, व्यवसायी एवम् सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण पुरस्कृत टोलीहरू, कलाकारहरू, सहभागी सांस्कृतिक समूहहरू, सांस्कृतिक गुरूहरू तथा सम्बन्धित सम्पूर्णलाई कार्यक्रममा सहभागी भइदिनुहुन अनुरोध गर्दछौं ।

**कार्यक्रम :**

**मिति : २०८३ असोज ११ गते, आइतबार**

**समय : दिनको १२:३० बजे**

**स्थान : ओल्ड दरबार पार्टी प्यालेस, लिबाली- ८, भक्तपुर**

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा